का.जि.प्र.का.द.नं. १००/०५९/६०

१३ भदौ २०८०,
बुधबार
30 August 2023,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २१६ । पृष्ठ १०    Madhyanha National Daily    www.madhyanhadaily.com

# भू–राजनीतिक भूमरीमा प्रधानमन्त्री



प्रधानमन्त्री बनेको छोटो अवधिमै दुई वटा राजनीतिक समीकरण उपयोग गरिसकेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई भू–राजनीतिक शक्ति सन्तुलन मिलाउन सकस परिरहेको देखिन्छ । विशेषगरी भारत, चीन र अमेरिकाको स्वार्थका कारणले सरकार दबाबमा परेको प्रष्ट हुन्छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १२ भदौ ।

अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) का उपाध्यक्ष क्यामरुन एलफोर्ड मंगलबार दिउँसो काठमाडौं आइपुगेका छन् । बिहीबारदेखि कार्यान्वयनमा जाने एमसीसीका लागि क्यामरुन काठमाडौं आइपुगेका हुन् ।

गत वर्ष, १५ फागुन २०७८ मा संघीय संसद्बाट एमसीसी पारित भएको थियो । लामो समयको विवादपछि १२ बुँदे व्याख्यात्मक टिप्पणीसहित संसदबाट एमसीसी पारित भएपछि कार्यान्वयनमा जान लागेको हो । पाँच वर्षभित्र सम्पन्न गरिसक्नुपर्नेगरी ५०० मिलियन अमेरिकी डलरको अनुदान कार्यान्वयनमा जाँदै गर्दा भने सोमबार शीर्ष नेताहरुले आशंकायुक्त टिप्पणी गरेका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड आफैले व्याख्यात्मक टिप्पणीलाई एमसीसीको अंग बनाउने वा नबनाउनेबारे क्यामरुनसँग प्रश्न गर्ने सार्वजनिक अभिव्यक्ति दिएका छन् । बुटवलमा समाजवादी मोर्चाले गरेको सभाबाट नेकपा माओवादी केन्द्रका अध्यक्ष एवम् प्रधानमन्त्री प्रचण्डले व्याख्यात्मक टिप्पणीबारे प्रश्न गर्ने बताएका हुन् ।

'एमसीसीबारे एक जना अधिकारी आउँदै हुनुहुन्छ, प्रधानमन्त्री भएकाले मसँग भेट्ने भइहाल्यो', प्रधानमन्त्री प्रचण्डले भनेका थिए । प्रधानमन्त्री प्रचण्डसँग मञ्च सेयर गरेका नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दले अहिलेकै अवस्थामा एमसीसी कार्यान्वयन हुन नदिने चेतावनी नै दिए ।

अर्का सत्तारुढ दल नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र पूर्वप्रधानमन्त्री झलनाथ खनालले पनि एमसीसीसँग आशंकायुक्त अभिव्यक्ति दिएका छन् । खनालले एसपीपीसँग नेपाललाई जोड्ने तयारी भइरहेको बताएका थिए ।

सत्तारुढ गठबन्धनकै नेताहरुले एमसीसीबारे प्रश्न गरिहदा प्रधानमन्त्री प्रचण्डले समेत व्याख्यात्मक टिप्पणीबारे प्रश्न गर्ने अभिव्यक्ति दिनुलाई चासोका साथ हेरिएको छ । किनकि बिगतमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजन हुने, सत्ता समीकरण बदलिने जस्ता घटनाका एक मुख्य कारण थिए ।

तर एमसीसी कार्यान्वयनमा जाने अघिल्लो दिन र त्यस परियोजनाका उपाध्यक्ष काठमाडौंमा आइसकेपछि प्रधानमन्त्री प्रचण्डले आफू स्वयम् ढुक्क नरहेको अभिव्यक्ति दिए । प्रधानमन्त्री प्रचण्ड आगामी २९ भदौमा मात्रै अमेरिका जाने तयारी भइरहेकाले अहिलेको एमसीसीबारे दिएको अभिव्यक्ति अर्थपूर्ण देखिन्छ ।

अझ मंगलबारकै संसदमा समेत प्रधानमन्त्री प्रचण्डले सत्ता गठबन्धनबारे पृष्ठ २ मा

■ आत्महत्या कुनैपनि समस्याको समाधान होइन,
■ कुनैपनि समस्या र चुनौतीबाट नभाग, डटेर सामना गरौं,
■ सकारात्मक सोचको विकास गरौं, आशावादी बनौं,
■ घर परिवार र आफूमा आश्रित सदस्यको भविष्यमाथी विचार पुऱ्याऔं,
■ आत्मविश्वास बढाऔं, समस्याको उचित समाधान पहिल्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

एसिया कप क्रिकेट




## बहुप्रतीक्षित दिन

एसिया कप क्रिकेट प्रतियोगिता आजबाट शुरु हुँदैछ । पाकिस्तानको मुल्तान स्टेडियममा उद्घाटन हुने खेलमा आयोजक पाकिस्तानविरुद्ध नेपाल मैदानमा उत्रँदैछ । यो प्रतियोगिता नेपालका लागि ऐतिहासिक र विशेष हुनेछ ।

किनकि नेपालले टेस्ट राष्ट्रहरु सम्मिलित प्रतियोगितामा पहिलोपटक प्रतिस्पर्धामा उत्रने अवसर पाएको हो । प्रतियोगितामा सामेल पाकिस्तान, भारत, श्रीलंका, बंगलादेश र अफगानिस्तान टेष्ट मुलुक हुन् । जबकी नेपालले भने सन् २०१८ मा मात्रै एकदिवसीय मान्यता पाएको थियो ।

त्यसबेला चार वर्षका लागि एकदिवसीय मान्यता पाउनु नेपालको ऐतिहासिक उपलब्धि थियो । त्यो एक दिवसीय मान्यतालाई निरन्तरता दिन सफल नेपालले पहिलोपटक एसियाकप खेल्दैछ, त्यो पनि विश्व क्रिकेटको महाशक्ति पाकिस्तान र भारतको समूहबाट ।

विस्तृत समाचार पृष्ठ ९ मा...

संसदमा प्रधानमन्त्रीसँग प्रश्नोत्तर

## गरम प्रश्न नरम जवाफ

भ्रष्टाचारका मामलामा दोषी कोही नछुटोस्, निर्दोष कोही नपरोस् भन्ने सिद्धान्तअनुसार नै प्रहरी प्रशासनलाई निर्देशन दिएको छु । यदि अनुसन्धानको क्रममा प्रधानमन्त्री नै आउँछ भने पनि छोड्न आवश्यक छैन ।

**प्रचण्ड**, *प्रधानमन्त्री*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ भदौ ।

मंगलबार प्रतिनिधि सभाको बैठकमा 'प्रधानमन्त्रीसँग प्रश्नोत्तर' क्रम चल्यो । प्रत्येक महिना हुने यो कार्यक्रममा यसपटक पनि सांसदहरुले गरमागरम प्रश्न गरे । प्रधानमन्त्री प्रचण्डले नरम त दृढतापूर्वक जवाफ दिए ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद असिम साहले विभिन्न पार्टीका नेताहरूलाई साइजमा राख्नका लागि मात्रै भ्रष्टाचारका फाइल खोलिएको हो भन्दै प्रश्न गरे । नक्कली भुटानी शरणार्थीको फाइल खोलेर कांग्रेसलाई साइजमा राखिएको, ललिता निवासमार्फत एकीकृत समाजवादीलाई, गौर हत्याकाण्डमार्फत जसपालाई र अब गिरीबन्धुमार्फत नेकपा एमालेलाई साइजमा राख्न ट्राई गर्दै गरेको हो भन्ने उनको प्रश्न थियो । 'आफ्नो कुर्सी बचाउन दाउपेच नगरेरै काम गरेर जनताको मन जितेर कुर्सीको आयु लामो बनाउन सकिँदैनथ्यो ?' साहको प्रश्न छ ।

जवाफमा प्रधानमन्त्री प्रचण्डले भ्रष्टाचारको अनुसन्धानका क्रममा जोसुकैको नाम आए पनि छानबिन गर्न प्रहरी प्रशासनलाई निर्देशन दिइएको बताए । सरकार टिकाउनका लागि भ्रष्टाचारका फाइल नखोजेको उनको भनाइ थियो ।

'दोषी कोही पनि नछुटोस्, निर्दोष कोही पनि नपरोस् भन्ने सिद्धान्तअनुसार नै प्रहरी प्रशासन लाई निर्देशन दिएको छु, 'प्रचण्डले भने, ' यदि अनुसन्धानको क्रममा प्रधानमन्त्री नै आउँछ भने छोड्न आवश्यक छैन ।'

प्रधानमन्त्री दाहालले राष्ट्रिय पृष्ठ २ मा




वैदेशिक रोजगार विशेष

## दुई म्यानपावरको कारोबार रोक्का

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ भदौ

वैदेशिक रोजगार विभागले पूर्व स्वीकृति बिना सामाजिक सञ्जालमा भ्रमपूर्ण विज्ञापन राखी व्यक्तिगतरुपमा कामदार पठाएको आरोपमा राजधानीमा रहेका दुई वटा म्यानपावर कम्पनीहरुको कारोबार निलम्बन गरेको छ । ऐनमा छ महिनासम्म निलम्बन गर्न सक्ने प्रावधान छ ।

विभागले वैदेशिक रोजगार ऐन विपरीत काम गरेको भन्दै इजाजत पत्र नं. १३५२/०७४।०७५ को ओमेगा इन्टरनेशनल प्रा.लि. र इजाजत पत्र नं. ९८९/०६७०६८ को अक्सन इन्टरनेशनल प्रा.लि. (अभतार ह्युमन रिसोर्स प्रा लि.)को कारोबार ६ महिनाका लागि निलम्बन गरेको बताएको छ ।

विभागले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै ओमेगा इन्टरनेशनल प्रा.लि.ले सामाजिक सञ्जाल फेसबुकमार्फत नेपाली डाक्टरहरुलाई वैदेशिक रोजगारमा कुवेत पठाइदिने भन्दै भ्रमपूर्ण सूचना प्रसारण गरेको एवम् सीपयुक्त दक्ष जनशक्तिलाई व्यक्तिगतरुपमा गन्तव्य मुलुकमा पठाउने गरी शंकास्पद कार्यहरु गरेको अनुसन्धानबाट पुष्टि भएकाले ६ महिनाका लागि इजाजत निलम्बन गरेको बताएको छ ।

त्यस्तै अक्सन इन्टरनेशनलले आफ्नो संस्था रहेको भवनसँगै पृष्ठ २ मा

### एक महिनामै साउदीबाट २१५ कामदार फिर्ता

**काठमाडौं/मस–** अगष्ट महिनामा साउदी अरबमा २१५ जना नेपालीको बहिर्गमन अनुमति भएको छ । साउदीमा रोजगारीका लागि गएकामध्ये सप्लाई कम्पनीमा पर्ने कामदारले काम तथा तलब नपाउने समस्या विकराल भएपछि नेपाली कामदार बाध्यतावश फर्केका हुन् ।

साउदीस्थित नेपाली दूतावासले यस अगष्ट महिनामा पृष्ठ २ मा

## विद्युत प्राधिकरणको क्षेत्राधिकार खुम्च्याइँदै

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १२ भदौ ।

सरकारले विद्युत विधेयक संघीय संसदमा पेस गर्ने निर्णय गरेको छ। मंगलबार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरबारमा बसेको मन्त्रीपरिषदको बैठकले सो निर्णय गरेको नेपाल सरकारका प्रवक्ता रेखा शर्माले बताइन् ।

उर्जा मन्त्रालयका अनुसार प्रस्तावित विधेयकमा विद्युत प्राधिकरणको क्षेत्राधिकार खुच्याउने प्रस्ताव छ। अहिले विद्युत उत्पादन, प्रसारण, वितरण र ब्यापारसम्मको काम प्राधिकरणले गर्दै आएको छ । यी सबै अधिकार एउटै संस्थालाई नदिने भनेर सरकारले विद्युत प्राधिकरणको क्षेत्राधिकार खुम्चाउन खोजेको हो ।

प्रस्तावित विधेयकमा एकभन्दा बढी कार्यको लागि एउटै संस्थालाई अनुमति नदिइने सम्बन्धी व्यवस्था छ । 'विद्युत आयोजना विकास तथा सञ्चालनको लागि एउटै संस्थालाई एकभन्दा बढी कार्यको लागि अनुमति प्रदान गरिने छैन', विधेयकमा लेखिएको छ । यस दफामा प्रयोग भएको 'कार्य' भन्ने शब्दले विद्युत उत्पादन, प्रसारण वा वितरण सम्झनुपर्ने भनेर स्पष्टीकरण पनि सँगै राखिएको छ ।

यो ऐन प्रारम्भ हुँदा एउटै संस्थाले विद्युत उत्पादन, प्रसारण वा वितरणको कार्य गरिरहेको भए तोकिएको अवधि भित्र अलग-अलग संस्था गठन गर्नुपर्ने विधेयकमा उल्लेख छ । कति वर्षसम्म अलग-अलग संस्था गठन गर्नुपर्ने भनेर यस सम्बन्धी व्यवस्था गर्ने अधिकार पनि सरकारलाई नै प्रत्यायोजन गरिएको छ ।यो व्यवस्था जस्ताको तस्तै पृष्ठ २ मा

### निजी क्षेत्रलाई विद्युत व्यापारको अनुमति

उर्जा मन्त्रालयका अनुसार प्रस्तावित विधेयकमा निजी क्षेत्रलाई विद्युतको व्यापार अनुमति दिने प्रस्ताव गरिएको छ। हाल विद्युतको अन्तरदेशीय व्यापार सम्बन्धी कानुनी व्यवस्था छैन । संशोधन विधेयकमा यसलाई समावेश गर्दै ऊर्जा तथा जलस्रोत मन्त्रालयले अगाडि बढाएको हो ।

'व्यापार अनुमति प्राप्त संस्थाले अन्तरदेशीय विद्युत व्यापार तथा विद्युत निर्यात गर्न मन्त्रालयबाट स्वीकृति लिनुपर्नेछ', विधेयकमा भनिएको छ, 'तर, उत्पादनको अनुमति पत्रमै विद्युत निर्यात गर्न पाउने शर्त उल्लेख भएकोमा सोको लागि छुट्टै अनुमति लिनुपर्ने छैन ।' पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com

१३ भदौ २०८०, बुधबार
30 August 2023, Wednesday

# सुगर मिल्स लिलामी सकार गरेका बैंकका कर्मचारीलाई स्थानीयले लखेटे

**सागर संगम ठाकुर/मध्यान्ह**
रौतहट, १२ भदौ

रौतहटमा बन्द रहेको श्री राम सुगर मिल्स सञ्चालन गर्नको लागि समिति गठन गरिएको बेला लिलामी सकार गरेका नेपाल बैंक लिमिटेडका कर्मचारीलाई उखु उत्पादक संघ रौतहटको टोलीले लखेटेको छ। लिलामी सकार गरेका बैंकका कर्मचारीहरुले काठमाडौंबाट गरुडास्थित बन्द रहेको मिल्सलाई निरीक्षण गर्न आएका बेला स्थानीय किसान र उखु उत्पादक संघ रौतहटका अध्यक्ष अशोक यादव नेतृत्वमा गएको टोलीले लखेटेका हुन्।



मिल्सका सञ्चालक विकाश अग्रवालले उद्योग घाटामा रहेको भन्दै २०७२ सालमा बन्द गरी नेपाल बैंक लिमिटेडसँग साढे ४३ करोड रुपैयाँ ऋण लिएर लिलामी गराएको थियो। २०५१ सालमा तत्कालिन प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाको पालामा स्थापना भएको चिनी उद्योग रौतहटको धरोहरको रुपमा रहेको छ। बन्द गरुडा चिनी मिल बचाउनका लागि उखु उत्पादक संघ रौतहटले गएको भदौ २ गते बृहत किसान आम भेला गरेको थियो। उक्त भेलाबाट मिल्स सञ्चालनको लागि नयाँ समिति समेत गठन गरिएको थियो। समितिका सदस्यहरुले मिल्स जसरी भएपनि सञ्चालन गराउनेतर्फ बढिरहँदा लिलामी सकार गरेका बैंकका कर्मचारीले यो उद्योग कबाडीको नाममा अन्यन्त्र लगेर नै सञ्चालन गर्ने दाउमा रहेको देखिएको छ।

रौतहटका सबैजसो राजनीतिक दलका नेताले कुनै पनि हालतमा रौतहटबाट मिल्स जान नदिने बताउँदै आएका छन्। रौतहट क्षेत्र नं.४ बाट निर्वाचित संघीय सांसद देवप्रसाद तिमल्सेनाले मिल्स सञ्चालनको लागि केही दिन अघि प्रतिनिधि सभाको बैठकमा आवाज उठाएका थिए। मिलका सञ्चालक अग्रवालले मिल्सको मेसिन लिलाम गरेपछि किसानहरु आन्दोलित भएका हुन्। रौतहटमा ठूलो उद्योगको रुपमा रहेको एकमात्र श्री राम सुगर मिल्स लिमिटेड गरुडाको मेसिन बिक्री गरी जग्गा पल्टिङ गरी महंगो मूल्यमा जग्गा बेच्ने दाउमा उद्योग मालिक रहेको उखु संघका अध्यक्ष यादवको भनाइ छ। यादवले यो उद्योग सबै किसानको मुटुको रुपमा रहेकाले कसैलाई प्रलोभनमा नपर्न आग्रह समेत गरे।

अध्यक्ष यादवले उद्योग सञ्चालक अग्रवालले उद्योग नास गरेर असी विगहा जग्गा पल्टिङ गरी बढी भाउमा बेच्ने सपना देखेका गोल्छा समूहको सपना पूरा हुन नदिने बताए। मिल्स हेर्न आएका कर्मचारीकोविरुद्ध प्रतिकारमा उत्रेका किसानहरुलाई देखेपछि उनीहरु फरार भएका थिए।

# प्रमाणपत्रमा उमेर, नाम र जात सच्याउने अवधि पाँच वर्ष कायम

**काठमाडौं/मस–** सरकारले गृह मन्त्रालयको प्रस्तावमा 'उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७' लाई समयसापेक्ष परिमार्जन गरी (तेस्रो संशोधन) नियमहरू २०८० ' पारित गरेको छ।

शैक्षिक प्रमाणपत्रमा उमेर, नाम र जात नमिल्दा तथा त्यसलाई सच्याउने प्रावधान झन्झटिलो र सीमित अवधिको हुँदा खासगरी विद्यार्थीहरू ठूलो मर्कामा परेका थिए। अब प्रमाणपत्रमा उमेर, नाम र जात सच्याउने अवधि छ महिनाको सट्टा पाँच वर्ष कायम गरिएको गृह मन्त्रालयले जनाएको छ।

गृहमन्त्रीको सचिवालयका उपसचिव वेदनिधि खनालले सहज बनाउने र त्रुटि भएको सच्याउने समय थप हुनेगरी नियम पारित भएर आएको जानकारी दिनुभयो। शैक्षिक प्रमाणपत्र सच्याउने बाध्यतामा रहेका नयाँ वा पुरानो नागरिकताबाहेक सबैले एक वर्षभित्र राष्ट्रिय परीक्षा बोर्डमा दरखास्त दिन सक्नेछन्।

कुनै विद्यार्थीले शैक्षिक प्रमाणपत्र लिइसकेपछि नेपाली नागरिकताको प्रमाणपत्र लिएको वा नागरिकतासम्बन्धी प्रचलित कानुनबमोजिम नेपाली नागरिकताको प्रमाणपत्रमा आफ्नो वा बाबुआमाको नाम वा थर वा नामथर संशोधन गराएकामा सो बमोजिम एसएलसी, एसइई वा कक्षा १२ को प्रमाणपत्रमा आफ्नो वा बाबुआमाको नाम वा थर वा नामथर सच्याउन चाहेमा एक पटकका लागि नेपाली नागरिकताको प्रमाणपत्र लिएको वा नेपाली नागरिकताको प्रमाणपत्रमा विवरण सच्याएको एक वर्षभित्र दरखास्त दिन सक्नेछ।

## भू-राजनीतिक...

अभिव्यक्ति दिएका थिए। अहिलेको सत्ता गठबन्धन भत्काउने प्रयास भइरहेपनि सफल हुन नसक्ने प्रधानमन्त्री प्रचण्डले बताएका थिए। अमेरिकाबाट चीन भ्रमणमा जाने प्रचण्डको तयारीले पनि एमसीसीबारे अहिले सत्तारुढबाटै उठेको प्रश्न चासोपूर्ण बन्न पुगेको छ।

किनकि नेपालमा आफ्नो महत्वकांक्षी परियोजना बीआरआई परियोजना अगाडि बढोस् भन्ने योजनामा रहेको चीन एमसीसी संसदबाट अनुमोदन भइरहँदा खुलेरै बक्तव्यबाजीमा उत्रिएको थियो। पटकपटक बक्तव्य र सरकारी अधिकारीहरुको अभिव्यक्तिमार्फत् चीनले एमसीसी अनुमोदन गराउन अमेरिकाले दबाव दिन नहुने तर्क गरेको थियो। तर नेपालले एमसीसी पारित गऱ्यो। अहिले प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणमा बीआरआईलाई प्रमुख एजेण्डा बनाउने तयारी छ। तर अमेरिका र केही हदसम्म भारत पनि बीआरआई भन्दा पनि एमसीसी नै अगाडि बढोस् भन्ने पक्षमा छ। यस्तो बेला कुटनैतिक सन्तुलन मिलाउन प्रधानमन्त्री प्रचण्डलाई अप्ठ्यारो परिरहेको प्रष्ट हुन्छ।

अझ गत मंसिरको चुनावबाट हङ पार्लियमेन्ट बनेकाले पनि बाह्य शक्तिलाई चलखेल गर्न सजिलो बनेको छ। अझ प्रधानमन्त्री बनेको छोटो अवधिमै प्रचण्डले संभावित दुवै संसदीय समीकरण उपयोग गरिसकेको र अर्को विकल्पको सरकार बन्दा यो सरकार संकटमा पर्ने आधार बलियो छ। यस्तो बेला नै एमसीसी कार्यान्वयनमा जाने अनि प्रचण्डले पनि उत्तरी छिमेक छोडेर अमेरिका, यूरोप र भारतको भ्रमणलाई प्राथमिकतामा राख्नुले उनी भू-राजनीतिक शक्ति सन्तुलन मिलाउनुपर्ने अप्ठ्यारोमा रहेको बुझ्न गाह्रो पर्दैन।

## संसदमा...

मुद्दामासबै राजनीतिक दलहरू एकताबद्ध हुनुपर्ने पनि आग्रह गरे। उनले राष्ट्रिय मुद्दामा विचार फरक भएका दलहरु भए पनि एकताबद्ध भएर जानुपर्ने धारणा राखेका थिए। एमालेका सांसद एकनाथ ढकालले द्वन्द्वकालीन घटनालाई न्यायिक सम्बोधन गर्ने विषयमा प्रश्न गरेका थिए। गोरखा फुजेलकी गंगामाया अधिकारीलाई अन्याय भएको पनि उनले प्रश्न गरे। जवाफमा प्रधानमन्त्री प्रचण्डले सरकारले गंगामाया अधिकारीलाई मानवीय सेवा र संरक्षण दिँदै आएको बताए। संक्रमणकालीन न्यायसम्बन्धी विधेयक पास गरेर द्वन्द्वकालीन घटनाको न्यायिक सम्बोधन गर्ने बताए।

'द्वन्द्वकालीन घटनालाई न्यायिक सम्बोधन गर्ने गरी संक्रमणकालीन न्याय सम्पादनका लागि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग गठन भएको र संक्रमणकालीन न्याय यथाशीघ्र सम्पन्न गर्न नेपाल सरकार प्रतिबद्ध रहेको' उनको जवाफ छ। गोरखा फुजेलकी गंगामायाका १७ वषीय कान्छा छोरा कृष्णप्रसाद अधिकारीलाई तत्कालीनमा माओवादीका कार्यकर्ताले चितवनमा अपहरण गरी २०६१ जेठ २४ गते हत्या गरेका थिए।

एमाले सांसद ऋषिकेश पोखरेलले राष्ट्रिय गौरवका आयोजनाका विषयमा कार्यप्रगति विवरण के छ भनी सोधेका थिए। जवाफमा उनले राष्ट्रिय गौरवका आयोजना समयमै सम्पन्न गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको र त्यसको कार्यान्वयनको विषयमा सरकारले नियमित रूपमा ध्यान दिएको बताए। राष्ट्रिय गौरवका आयोजनाहरूमा दुईवटा सम्पन्न भएको र १४ वटाको कार्यप्रगति ८० प्रतिशतसम्म सम्पन्न भएको प्रधानमन्त्री दाहालले जानकारी दिए। पाँचवटा राष्ट्रिय गौरवका आयोजनाको प्रगति ५० देखि ८० प्रतिशतसम्म रहेको र दुईवटाको प्रगति ५० प्रतिशत रहेको प्रधानमन्त्री दाहालले जानकारी दिए।

प्रधानमन्त्री प्रचण्डले चीन भ्रमणका क्रममा नयाँ व्यापारिक नाका खोल्ने विषयमा छलफल हुने बताए। मुगुका सांसद ऐनबहादुर शाहीले प्रधानमन्त्रीलाई चीन भ्रमणका क्रममा नाम्चे लाग्ना नाका खोल्ने विषयमा छलफल हुने योजना छ कि छैन ? भनी सोधेका थिए। जवाफमा प्रधानमन्त्री प्रचण्डले आसन्न चीन भ्रमणका क्रममा नयाँ व्यापारिक नाका खोल्ने विषयमा कुरा हुने बताए। मुगुको नाम्चे लाग्ना नाका खोल्नेबारे कुरा उठाउने करिब निश्चित रहेको पनि बताए। प्रधानमन्त्री प्रचण्डले असोज पहिलो साता चीन भ्रमण गर्दैछन्।

## दुई ...

एजुकेसनल इन्स्टिच्युट र कन्सल्ट्यान्सी राखी वर्किङ भिसाको प्रलोभन देखाएर सन्देहपूर्ण कारोबार गर्नुका साथै व्यक्तिगतरुपमा दक्ष जनशक्ति वैदेशिक रोजगारमा पठाउने कार्य गरेको पाइएको विभागले बताएको छ।

वैदेशिक रोजगार ऐनको दफा ६१ मा उक्त ऐन वा वैदेशिक रोजगार नियमावली विपरीत कुनै कसुर भए-गरेको वा हुन लागेको कुरा कसैको उजुरी परी वा अन्य कुनै तरिकाबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा विभागलाई जानकारी हुन आएमा विभागले कम्तीमा राजपत्रांकित तृतीय श्रेणीको अधिकृतलाई अनुसन्धान अधिकृत तोकी सोसम्बन्धी कसुरको अनुसन्धान र तहकिकात गराउन सक्ने व्यवस्था छ।

ऐनको उक्त दफामा अनुसन्धान तथा तहकिकात गर्दा वा सबुद प्रमाण संकलन गर्दा अनुसन्धान अधिकृतलाई कसुरमा संलग्न शंकास्पद व्यक्तिलाई गिरफ्तार गर्ने, कसुरको सम्बन्धमा जुनसुकै स्थानको खानतलासी लिने, कसुरसँग सम्बन्धित कागजात वा अन्य चिजवस्तुहरु आफ्नो जिम्मामा लिने, बयान गराउने र मुचुल्का तयार गर्नेसमेत प्रचलित कानूनबमोजिम प्रहरीले पाए सरह सबै अधिकार अनुसन्धान अधिकृतलाई रहेको छ।

वैदेशिक रोजगारसम्बन्धी कसुरको अनुसन्धान र तहकिकात गर्ने अनुसन्धान अधिकृतले अनुसन्धानको क्रममा उचित र पर्याप्त कारण भएमा कुनै इजाजतपत्रवालाको इजाजतपत्र निलम्बन गर्ने उचित र पर्याप्त आधार देखाएर विभागसमक्ष प्रतिवेदन पेश गर्न सक्ने र विभागले सोही प्रतिवेदनको आधारमा बढीमा छ महिनासम्म इजाजतपत्र निलम्बन गर्न सक्ने व्यवस्था छ।

विभागले केही समययता वैदेशिक रोजगार ऐनले तोकेको व्यवस्था विपरीत वैदेशिक रोजगारमा पठाएको भन्दै म्यानपावर कम्पनीलाई कडा कारबाहीको रवैया अख्तियार गरेको देखिएको छ। विभागले गत साउन ३१ गते स्वीकृति बिना वैदेशिक रोजगार ऐनको दफा २१ विपरीत सामाजिक सञ्जालमा विज्ञापन प्रकाशित गरी वैदेशिक रोजगारीमा पठाउन राहदानी संकलन गरेको भन्दै दफा ५२ अनुसार इजाजत नम्बर ९२४/०६७/०६८ क्यापिटल रिक्रुटमेन्ट सर्भिस प्रा.लि. र इजाजत नम्बर १६०६/०७९/०८० इगल म्यानवापर कन्सल्ट्यान्ट प्रा.लि.लाई जनही दुई लाख रुपैयाँ जरिवाना गरेको थियो।

विभागले अन्य केही म्यानपावर कम्पनीका बारेमा पनि छानबीन गरिरहेको छ। बिभागले गर्ने कार्वाहीलाई मत्थर वनाउने खेल पनि भैरहेको छ। तर आफुलाई अख्तियारले पनि हरिरहेको कुरा बिभागका महानिर्देशक मदन दहालले राम्रै बुझेका छन्। बिभागले गर्ने कार्वाहीकाबारेमा मध्यान्हले पनि सुक्ष्मरुपमा हेरिरहेको छ।

त्यस्तै विभागले त्यसअघि साउन २५ गते करोडौं रुपैयाँ क्षतिपूर्तिसमेत नदिएको पाइएको भन्दै विभागले डि स्क्वायर ग्रुप प्रा.लि. (१५०५/०७४/७५) र डिलक्स एचआर सोलुसन प्रा.लि. (९५६/०६७/६८) को इजाजतपत्र रद्द गरेको थियो।

विभागले सामाजिक सञ्जालमा प्रशारण हुने विज्ञापनको आधारमा वैदेशिक रोजगारको योजना नबनाउन, पासपोर्ट तथा रकम नदिन आग्रह गर्दै इजाजतपत्र प्राप्त संस्था अर्थात म्यानपावर कम्पनीहरुले प्रचलित कानूनको अक्षरस पालना गर्नुपर्ने बताएको छ।

## एक...

मात्रै २१५ जनाले बहिर्गमन भिसा लिएर स्वदेश फर्केको बताएको छ। समस्यामा परेकाहरूलाई स्वदेश फिर्तीका लागि एक्जिट भिसाको प्रक्रिया निःशुल्क गरिदिने बताउँदै दूतावासले एक्जिट भिसा लगाइसकेपछि स्वदेश फर्कने जहाजको टिकट व्यवस्थापन भने आफैंले गर्नुपर्ने जनाएको छ।

## विद्युत...

संसदबाट पारित भएमा सरकारले तोकेको अवधिभित्र विद्युत प्राधिकरणले पनि अलग-अलग संस्था स्थापना गर्नुपर्ने हुन्छ।

## निजी...

प्रचलित कानुनमा अन्तरदेशीय व्यापार सम्बन्धी व्यवस्था नै नभएका कारण हालसम्म वितरित अनुमतिपत्रमा उल्लेख हुने कुरै भएन। त्यसकारण विधेयकमा यसलाई समावेश गरिएको जनाइएको छ। अहिले विद्युत उत्पादन, प्रसारण, वितरण र ब्यापारसम्मको काम नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ। विद्युतको अन्तरदेशीय व्यापार गर्न निजी क्षेत्रलाई दिए प्राधिकरणको क्षेत्राधिकार खुम्चिने छ। स्वीकृति प्रदान गर्दा अन्तरदेशीय विद्युत व्यापारको आवश्यकता र औचित्यको आधारमा गरिने र अनुमति प्राप्त संस्थाले अन्तर्राष्ट्रिय बजारमा विद्युतको व्यापार गर्न सक्ने भन्दै थप प्रष्ट विधेयकमै गरिएको छ।

५१ प्रतिशत सरकारको वा सरकारी निकायको स्वामित्व भएको संस्थाले भने अनुमति लिनुपर्ने छैन। नेपालमा लामो समयदेखि विद्युतको अन्तरदेशीय व्यापारको कुरा उठ्दै आएकाले सरकारले र अनुमति प्राप्त संस्थाले समेत विद्युतको अन्तरदेशीय व्यापार गर्न पाउने गरी कानुनी व्यवस्थाको प्रस्ताव गरिएको हो।

उर्जा मन्त्रालयका अधिकारीहरुका अनुसार अनुमति प्राप्त संस्थाले अनुमतिको अवधिभर विद्युतको अन्तरदेशीय व्यापार गर्न पाउनेछन्। प्रस्तावित विधेयकमा निजी क्षेत्रले बढीमा २५ वर्षका लागि अनुमति प्राप्त गर्न सक्नेछन्।

'विद्युत प्रसारण, वितरण तथा व्यापार सेवाको लाग बढीमा २५ वर्ष अनुमतिपत्रको अवधि हुनेछ', प्रस्तावित विधेयकमा उल्लेख छ। बढीमा २५ वर्ष भनिए पनि अनुमतिपत्रको अवधि थप गर्ने गरी अनुमतिपत्र नवीकरण हुन सक्ने व्यवस्था विधेयकमा छ। यस सम्बन्धी अन्य व्यवस्था 'तोकिए बमोजिम हुनेछ' भनेर सरकारलाई नै नियमावली निर्देशकामा थप व्यवस्था गर्ने गरी अधिकार प्रत्यायोजन गरिएको छ।


# Gramodaya Yugakabi Siddhichran Campus
# Likhu Rural Municipality

**Ward-6, Okhaldhunga**
**Koshi Province, Nepal**

## Invitation for Bids

**Invitation for Bids No.: Gramodaya/NCB/Building/080-81/01**
**Date of Publication: 2023-08-30**

1. Gramodaya Yugakabi Siddhichran Campus, Okhaldhunga invites electronic bids from Nepalese eligible bidders for the Construction of RCC two storey building of Gramodaya Yugakabi Siddicharan Campus, Likhu-6, Gamnangtar, Okhaldhunga under National Competitive Bidding procedures. The estimated amount for the works is NRs. 92,39,104.18 (Exclusive of VAT and Contingencies).
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Gramodaya Yugakabi Siddhichran Campus, Okhaldhunga, or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase and download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost 3,000.00 of bidding document in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank** : Rastriya Banijya Bank Ltd.
   **Name of Office** : Gramodaya Yugakabi Siddhichran Campus, Okhaldhunga
   **Office Account No** : 1320100000254001
4. Pre-bid meeting shall be held at Gramodaya Yugakabi Siddhichran Campus, Likhu Rural Municipality, Ward 6, Okhaldhunga, Koshi Province, Nepal at 2023-09-21 13:00 hours.
5. Electronic bids must be submitted to the office Gramodaya Yugakabi Siddhichran Campus, Okhaldhunga, through PPMO website www.bolpatra.gov.np/egp on or before 2023-09-29 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2023-09-29 13:00 at the office of Gramodaya Yugakabi Siddhichran Campus, Okhaldhunga. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 3,00,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.
9. Any Amendment on this tender shall be posted on office information board followed by notice on PPMO website www.bolpatra.gov.np/egp.

**Campus Chief**



**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
## वैदेशिक रोजगार विभाग
**(प्रशासन, योजना तथा संस्था दर्ता शाखा)**

## सूचना

केयर गिभर (स्याहार सुसारकर्ता) तालिमसम्बन्धी कार्यविधि २०७२ बमोजिम केयर गिभरको रूपमा इजरायलमा काम गर्न जाने कामदारहरूका लागि तालिम सञ्चालन गर्न चाहने संस्थाहरूले यस विभागको अनुमति लिनुपर्ने व्यवस्थाबमोजिम देहायको विवरणसहित यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र निवेदन पेश गर्नुहुन जानकारी गराइन्छ।

**तपशिल**
(क) संस्थाको नाम, ठेगाना र सञ्चालकको नाम र ठेगाना खुलेको निवेदन,
(ख) तालिम प्रदान गर्ने संस्थाको दर्ता/नवीकरण प्रमाण-पत्रको प्रतिलिपि,
(ग) संस्थाको प्रबन्धकपत्र, नियमावलीको प्रतिलिपि,
(घ) मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,
(ङ) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि,
(च) प्रशिक्षकको शैक्षिक योग्यताको प्रमाण-पत्र र सम्बन्धित विषयको अनुभव खुल्ने कागजात,
(छ) यस कार्यविधिबमोजिम प्रशिक्षक प्रशिक्षण (TOT) लिएको प्रमाण-पत्र र नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि र संस्थामा पूरा समय काम गर्ने कबुलियत वा करारनामा,
(ज) विगतमा केयर गिभरको रूपमा इजरायलमा अशक्त, अपांग र वृद्धवृद्धाको स्याहारसुसारको काम गर्न जाने कामदारहरूका लागि तालिम दिएको भए सोको विवरण,
(झ) संस्थाको आफ्नै तालिम केन्द्र भवन कक्ष भए सोको नक्सासहितको प्रमाणित प्रतिलिपि वा घरबहालमा लिएको भए उक्त घरको नक्साको प्रमाणित प्रतिलिपि र घरधनीसँग कम्तिमा २ वर्षका लागि घरबहाल सम्झौता गरेको कागज,
(ञ) संस्थापक वा संस्था सञ्चालकको योग्यता र अनुभव प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
(ट) संस्थाको कर्मचारीको संख्या र उनीहरूको व्यक्तिगत विवरण खुल्ने कागजातहरू,
(ठ) संस्थाको न्यूनतम पूर्वाधारको विवरण (अनुसूची २ अनुसार), र
(ड) अन्य तालिम वा कार्यक्रमसमेत सञ्चालन गर्ने संस्थाको हकमा केयर गिभरको कामसम्बन्धी तालिमका लागि भौतिम सामग्री र अन्य मापदण्डको अलग्गै व्यवस्था गरी विवरण खुलाउनुपर्नेछ।



## प्रयोग नभएका कार्यालयका समानहरूको लिलाम सम्बन्धी सूचना

यस संघले कार्यालयमा प्रयोग नभएका केही सामानहरु (जस्तैः यू.पि.एस ब्याट्री, टेबल, अफिस कुर्सी, दराज इत्यादी) जस्ताको त्यस्तै अवस्थामा बिक्री गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। सामानहरुको विवरण यस संघको वेबसाइट **www.nepalbankers.com.np/notices/** बाट प्राप्त गर्न सकिनेछ।

सामानको निरिक्षण भाद्र १५ वा भाद्र १७ गते विहान ११ बजे देखि दिउँसो १ बजे सम्म यस संघको कार्यालयमा गर्न सकिनेछ। शिलबन्दी बोलपत्र २०८०।०५।२१ गते दिउँसो १ बजे सम्म यस संघमा बुझाई सक्नु पर्नेछ।

प्राप्त शिलबन्दी बोलपत्रहरु मिति २०८०।०५।२४ विहान ११ बजे यस संघको थापाथली स्थित कार्यालयमा खोलिने छ। बोलपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै, शिलबन्दी बोलपत्र बुझाउने/खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्यहरु बिदाको लगतै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

**नेपाल बैंकर्स संघ**
**सेन्ट्रल बिजनेश पार्क, थापाथली, काठमाडौं**
**फोन.नंः ०१५९०१२४५/५९०१२४६**



# VACANCY
ANNOUNCEMENT

A Reputed Manpower Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions.

| S. N. | POST | QTY | M/F | EDUCATION QUALIFICATION | EXPERIENCE | REMARKS |
|---|---|---|---|---|---|---|
| 1 | OPERATION MANAGER | 1 | M/F | MASTER CLEAR | सम्बन्धित फिल्डमा दक्ष | |
| 2 | ACCOUNTANT | 1 | M/F | BACHELOR CLEAR | | |
| 3 | OFFICE SECRETARY | 2 | F | BACHELOR CLEAR | | |
| 4 | RECRUITMENT COORDINATOR | 1 | M/F | BACHELOR CLEAR | | |
| 5 | DOCUMENT CONTROLLER | 1 | M/F | INTER PASSED | | |
| 6 | RECEPTIONIST | 2 | F | INTER PASSED | | |
| 7 | PRO | 3 | M/F | SLC PASSED | | |
| 8 | OFFICE BOY | 1 | M | SLC PASSED | | With Bike License |

तलब तथा सेवा सुविधा आपसी समझदारीमा तय गरिने छ।

**कान्तिपुर मेनपावर सर्भिस प्रा. लि**
सामाखुसी-३, काठमाडौं, फोन नं.: ०१-४९८८८६६, ४९८८८०८, ४९६४३३८, ४९९०७६३
Mobile: +977 9868836397 Email: info@kantipurmanpower.com



**KUWAIT मा रोजगार** | कम्पनी : CARE FOR BUILDING AND CITIES CLEANING CONTRACTING CO. W.L.L.
शहरः Kuwait

पूर्व स्वीकृत मितिः २०८०/०५/१२ चलानी नं.: ६०२०५९५५ L.T. No.: 291819

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 0 | 300 | स. काममा दक्ष | 85 | ३६,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २० गते (6 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**ईभ नेपाल ओभरसिज प्रा. लि.** श्रम ईजाजत नं. १०१३/०६८/६९
शान्तिनगर, काठमाडौं, , फोन नं.: ४१०७५२०, ४६२२४३६
Email : evenpl34@gmail.com | www.evenepaloverseas.com

**सुर्खेत डायरी** // कुलेन्द्र शाही/मध्यान्ह

# सरकारी गाडी नै नो पार्किङमा ट्राफिक प्रहरीले लगायो ह्वील लक

जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतले पछिल्लो समय पार्किङ निषेधित क्षेत्रमा राखिएका सवारीसाधनमाथि कडाइका साथ कारबाही गर्दै आएको छ। आइतबार प्रहरीले एक सरकारी गाडीलाई कारबाही गरेको छ। प्रहरीले सल्यानको पशु अस्पताल तथा पशु सेवा कार्यालय सल्यानका प्रमुख गोविन्दबहादुर महत चढेको बा २ भ्र २०४४ नम्बरको गाडीलाई कारबाही गरेको हो। वीरेन्द्रनगर नगरपालिका-६ तल्लो बजारको सडक छेउमा अनधिकृतरूपमा पार्किङ गरिएको महतको गाडीमा ट्राफिक प्रहरीले 'ह्वील लक क्लाम्प' लगाएको हो। उक्त गाडीका चालकले ५ सय रुपैयाँ जरिवाना तिरेपछि छाडिएको ट्राफिक प्रहरीले जनाएको छ। गाडीमा प्रमुख महत भने सवार नभएको गाडी चालक धनबहादुर विकले बताए। गाडी चालक विकले आफूले अन्जानमा नो पार्किङमा गाडी पार्किङ गरेको बताए।



उनले थाहा नपाएर नो पार्किङमा गाडी पार्किङ गरेको बताउँदै प्रहरीलाई कारबाही नगर्न आग्रह गर्दा पनि प्रहरीले कारबाही गरेको बताए। 'मैले अन्जानमा गल्ती गरेको हो, तर पनि प्रहरीसँग गल्ती भयो एक पटकलाई छोड्दिनु भनी धेरै अनुरोध गरें,' उनले भने, 'तर, पनि उहाँले मान्नु भएन, कति न ठूलै गल्ती गरेको जस्तो मान्छे नै मारेर फरार रहेको जस्तो गर्नुभयो, आखिर त्यहाँ त धेरैले पार्किङ गरेका थिए, उहाँहरूलाई प्रहरीले किन कारबाही गरेन ?'

उनले कारबाही बापत ५ सय रकम जरिवाना समेत तिरेको स्वीकार गरे। सरकारी गाडी नै कारबाहीमा परेपछि सामाजिक सञ्चालमा विभिन्न टीकाटिप्पणी गर्नेको लर्को लागेको छ। ट्राफिक प्रहरीले प्रमुख महतको गाडीमा ह्वील लक लगाउँदै गरेको फोटो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि प्रमुख तथा सरकारी कार्यालयको आलोचना गर्नेहरूको भीड लागेको छ। 'नो पार्किङ' लेखिएको सडक किनारमै आफूखुसी सवारी साधन पार्किङ गरिँदा त्यसले वीरेन्द्रनगरको शोभा बिगार्नुका साथै साँघुरो सडक, त्यसमाथि किनारमै राखिएका सवारी साधनले झनै दुर्घटनाको जोखिम बढाएको स्थानीय व्यवसायीहरूको गुनासो छ।

यता जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतका प्रमुख देवेन्द्र बुढाथोकीले जानी-जानी नो पार्किङ स्थलमा गाडीहरू पार्किङ गरिएको मध्यान्हलाई बताए। 'मान्छेहरू जानी-जानी गल्ती गर्छन्, नेपालमा गल्ती गरे पनि केही हुँदैन भन्ने सोच छ। आइतबार कारबाहीमा परेका गाडी चालकले पनि त्यही सोच अनुसार गर्नुभएको हो,' उनले भने।

उनले वीरेन्द्रनगरमा हुने अत्यधिक जामलाई व्यवस्थित पार्न र अनधिकृत पार्किङलाई निरुत्साहित गर्न पछिल्लो समय गल्ती गर्ने सवारीसाधनलाई कारबाही गर्दै आएको बताए। 'बाटोमा जथाभाबी पार्किङ गरेर हिँड्ने सवारी साधनलाई कारबाहीस्वरुप ह्वील लक लगाएर कारबाही गर्ने गरेका छौं,' उनले भने। प्रहरीले सडकलाई अवरोध पुऱ्याउने गरी जथाभाबीरूपमा पार्किङ गर्ने सवारी साधनलाई ह्वील लकसँगै ५ सय रुपैयाँदेखि १ हजार रुपैयाँसम्म जरिवाना गर्दै आएको छ।

सुर्खेत वीरेन्द्रनगरमा आइतबार एक कार्यक्रम थियो। सोही कार्यक्रममा सहभागी हुन कार्यालय प्रमुख महत वीरेन्द्रनगर आएका थिए। महत वीरेन्द्रनगरको एक होटेलमा भएको कार्यक्रममा व्यस्त भए। 'प्रमुख सर र हामी सुर्खेत आएका थियौं, प्रमुख सर शुभ होटेलमा भएको कार्यक्रममा बस्नुभयो। म हाम्रा अफिसका २ जना स्थायी कर्मचारीको सम्पत्ति विवरण बुझाउन मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा गएपछि औषधि किन्न अस्पताल गएँ। त्यहाँ जाँदा प्रहरीले गाडीमा ह्वील लक लगाउनु भएछ,' चालक विकले भने।

**मध्यान्ह समाचार प्रभाव**

# दैलेख रोड चोकमा बल्यो हाइमास बत्ती

सुर्खेतको वीरेन्द्रनगरस्थित दैलेख रोड चोकमा हाइमास बत्ती बिग्रेको करिब चार महिनापछि बलेको छ। गत वैशाखबाट बिग्रेर बन्द भएको हाइमास बत्ती सोमबार बेलुकाबाट बलेको हो।

मध्यान्ह दैनिकले आफ्नो अनलाइन संस्करणमा भदौ ११ गते सोमबार 'प्रदेश राजधानी वीरेन्द्रनगरमै प्रविधिको बिजोग, बल्न छाडे हाइमास बत्ती' शीर्षकमा समाचार सार्वजनिक गरेको थियो। उक्त समाचार सार्वजनिक भएको केही घण्टामै नगरपालिकाले प्राधिकरणसँग पहल गरेर उक्त हाइमास बत्ती मर्मत गरेको हो।



नगरपालिकाका जिन्सी शाखा प्रमुख खड्क केसीले बारम्बार प्राधिकरणलाई बत्ती बनाउन आग्रह गर्दा पनि प्राधिकरणले वास्ता नगरेपछि सोमबार प्राधिकरणको कार्यालयमै गएर बत्ती बनाउन लगाएको जानकारी दिए। उनले बत्ती बल्न थालेपछि पैदल यात्रुलाई निकै सहज भएको बताए।

यसअघि यहाँका स्थानीयदेखि व्यवसायीहरूले हाइमास बत्ती बनाइदिन नगरपालिकालाई बारम्बार आग्रह गरे पनि त्यसतर्फ नगरपालिकाले ध्यान नदिएको आरोप लगाएका थिए। हाइमास बत्ती बल्न थालेपछि स्थानीय, व्यवसायी तथा पैदल यात्रुहरूले खुसी व्यक्त गरेका छन्।

# माओवादी केन्द्र हुम्लाले तीन महिने पार्टी रुपान्तरण अभियान गर्ने

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १२ भदौ

नेकपा माओवादी केन्द्र हुम्लाले तीन महिने पार्टी रुपान्तरण अभियान सञ्चालन गर्ने भएको छ।

पार्टीले मंगलबार पत्रकार सम्मेलन गर्दै सो जानकारी गराएको हो। माओवादी केन्द्रकी केन्द्रीय सदस्य सीता शाहीले जिल्लाका सात वटा स्थानीय तहमा गएर माओवादी केन्द्रले तीन महिना रुपान्तरणको लागि माओवादी घर-घर, माओवादी गाउँ-गाउँ, माओवादी पार्टी भन्दै रुपान्तरण के कसरी जाँदा ठिक होला ?, नागरिकका कस्ता समस्यालाई अगाडि बढाउने भन्ने विषय बस्तुमाथि सुझाव लिन लागिएको बताइन्।



कर्णाली प्रदेश नेकपा माओवादी केन्द्रका सहसचिव लालकेश जैसीले भदौ १४ गतेबाट सात वटै स्थानीय तहका ४४ वटै वडामा पार्टी रुपान्तरणमा जाने बताए।

जिल्लाको उत्तरी नाम्खा गाउँपालिकामा नेकपा माओवादी केन्द्रकी केन्द्रीय सदस्य सीता शाही, सिमकोट गाउँपालिकामा केन्द्रीय सदस्य बिजय भण्डारी, खार्पुनाथ गाउँपालिका केन्द्रीय सदस्य बिरजङ शाहीको नेतृत्वमा पार्टी रुपान्तरणमा जाने छन्। त्यस्तै सर्केगाड गाउँपालिकामा जिल्ला संयोजक दिपेन्द्र रोकाया, चंखेली गाउँपालिकामा केन्द्रीय सदस्य सर्पराज सिंह, अदानचुली गाउँपालिकामा केन्द्र सदस्य गंगा खड्का र ताजाकोट गाउँपालिकामा कर्णाली प्रदेश नेकपा माओवादी केन्द्रका सहसचिव लालकेश जैसीको नेतृत्वमा टोली जाने छ।

जिल्लाका ४४ वटा वडामा गएर जनताको समस्या विकासको थालनी, पार्टीले गरेको राम्रो कामको प्रचार-प्रसार जनतामाझ पुऱ्याउन 'गाउँ-गाउँ घर-घर माओवादी' भन्ने मूल नारासहित जाने जिल्ला इन्चार्ज मकबहादुर मल्लले बताए।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७८/०५/०३ मा दर्ता भएको **प्रा.लि. नं. २६८७८४** को **प्रेम एण्ड सिमन फुड वेभरेज प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**नमोबुद्ध नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भकुण्डेबेशी, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशन मितिः २०८०/०५/१३**

यस नगरपालिकाबाट निम्न योजनाहरुको लागि e-bid मार्फत बोलपत्र आह्वान गरिएको हुँदा इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजे भित्र बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। विस्तृत विवरण सहितको सूचनाको लागि www.bolpatra.gov.np/egp, तथा यस कार्यालयको वेबसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ।

**तपसिलः**

| ठेक्का नं. | कार्यको विवरण | लागत अनुमान | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| NMUN/NCB/WORK/080/081-01 | Jayatar Janak Ma Vi Chuwane Sadak | NRs. 1,71,91,088.80 | NRs. 5,50,000/- | NRs 3000 |
| NMUN/NCB/WORK/080/081-02 | Naubise Kakre Sadak | NRs. 1,38,17,555.66 | NRs. 4,50,000 | NRs 3000 |
| NMUN/NCB/WORK/080/081-03 | Shyampati Kurugaun Wada Karyalaya Jodne Sadak | | NRs. 6,50,000 | NRs 5000 |
| बैंक खाता नं. | Name of the Bank: Rastriya Banijya Bank Ltd., Bhakundebesi Branch<br>Office Name: Namobuddha Municipality Office<br>Rajaswa (revenue) account no (for bid fee): **Ga-1-1-1540100301010002**<br>Dharauti Account No. (For Bid Security): **Ga-3-1540100303000002** | | | |

**प्रमुख प्रशासकीय अधिकृत**

# पत्रकार पटेलले अनाथालयमा मनाए जन्मदिन



**रौतहट/मस**-पत्रकार अभिमनु कुमार पटेलले अनाथालयमा पुगेर आफ्नो जन्मदिन मनाएका छन्। रौतहटको गरुडा नगरपालिका वडा नं.४ मा रहेको बंशिराम जयसवाल अनाथालयमा पुगेर पटेलले जन्मदिन मनाएका हुन्। उक्त अनाथलायमा हाल २६ जना बालबालिका आश्रित छन्। परोहा नगरपालिका वडा नं ८ मोतिपुर नरकटियाका पटेल मधेश प्रदेश अनलाइनका सञ्चालक र रिपोर्टर्स क्लब नेपाल मधेश प्रदेशका कोषाध्यक्ष हुन्। पत्रकार पटेलले अनाथालयमा चामल, दाल लगायतका खाद्यान्न सामग्री सहयोग गरेका छन्।

ठूलाठूला महंगो होटलमा केक काटेर लाखौं रुपैयाँ खर्च नगरी अनाथालयमा पुगेर टुहुरा बच्चाहरूको अनुहारमा अलिकति भएपनि खुशी ल्याउने उदेश्यसहित अनाथालयमा जन्मदिन मनाएको पत्रकार पटेलले बताए। पटेलले उक्त खाद्यान्न सामग्री अनाथालय प्रमुख बंशीराम जयसवाललाई हस्तान्तरण गरेका थिए। पत्रकार पटेलले बंशीराम अनाथालय गरूडा दुखदायी अवस्थामा रहेको भन्दै सहयोग गर्न सबैसँग आग्रह गरे।

**कर्मचारी आवश्यकता**

**यस म्यानपावर कम्पनीका लागि काम गर्न सक्ने कर्मचारीहरु आवश्यकता भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला। अनुभवीलाई विशेष ग्राह्यता दिइनेछ।**

SALARY Negotiable

- ★ Documentation Cum Receptionist- 2 Female
  Qualification: +2 running or Pass.
  Minimum 2 years of Experienced in related field.
- ★ Business Development Executive- 2 (Male/ Female)
  Qualification: Bachelor's Pass.
  Minimum 2 to 5 years of Experienced in related field.

SEND YOUR CV:
info@progressivenepal.com.np,
progressiveplacementnepal@gmail.com

**प्रोग्रेसिभ प्लेसमेन्ट सर्भिसेज नेपाल प्रा. लि.**
**PROGRESSIVE PLACEMENT SERVICES NEPAL (P.) LTD.**
Lic. No.: 782/065/066
Buddhanagar-10, Baneshwor, Kathmandu, Phone: 4793286/4796958
Mob.: 9841597085website:http://www.progressivenepal.com.np

**कम्पनीको नाम परिवर्तनको सूचना**

**दोश्रो पटक प्रकाशित मितिः २०८०/०५/१३**

**यस कम्पनीको मिति २०८०/०१/२० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय अनुसार साविकको कम्पनी बलेसी रिसोर्ट प्रा.लि. (प्रा.लि. नं. २९४३६९) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०२/०७ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी बलेसी फार्म रिसोर्ट प्रा. लि. कायम गरिएको जानकारी गराइन्छ।**

**Sahidbhumi Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Piple, Dhankuta**
**Koshi Province, Nepal**

**Invitation of sealed Quotation of procurement of suppy.**

**Date of First publication: 2080/05/13**

1. Sahidbhumi Rural Municipality Office of the Rural Municipal Executive, Piple, Dhankuta, invites Electronic sealed quotation from registered Suppliers for the supply and delivery of the following goods.
2. All other information and BID document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp.
3. All eligible bidders are requested to submit Bids as per instructions within the mentioned period.

| S.N. | Name of Project | Contract ID | Total Cost Exclusive. VAT&PS | Cost of the Bid Document | Method | Bid Security | Last Submission Date |
|---|---|---|---|---|---|---|---|
| 1 | *Procurement of HDPE Pipes* | 01-SAHIDBHUMI/PRO/80/81 | NRs. 16,98,341.05 | NRs. 1,000.00 | Sealed Quotation | NRs. 50,000.00 | 2080/05/28 (12:00noon) |

**Information to deposit cost of the bid document**


Name of bank: Citizens Bank International Ltd.,

Name of office: Sahidbhumi Rural Municipality Office of the Rural Municipal Executive, Piple, Dhankuta

Office account no.: 0740100000001202 SAHIDBHUMIGA.PA. ANTARIK RAJASWO KHAATA

4. Electronic bids must be submitted to the office of Sahidbhumi **Rural Municipality, Office of the Rural Municipal Executive,** Piple, Dhankuta through PPMO website www.bolpatra.gov.np/egp.
5. All other conditions of the bidding process will be as per the public procurement act 2063 and public procurement regulation 2064.

**Chief Administrative Officer**



## सम्पादकीय

# नयाँ मोडमा नेपाल

बहुप्रतिक्षित एसिया कप क्रिकेट आज, बुधबारदेखि शुरू हुँदैछ । पाकिस्तानको मुल्तान स्टेडियममा उद्घाटन हुने यो प्रतियोगितासँगै क्रिकेट समर्थकहरूको प्रतिक्षाको घडी सकिनेछ । यसपटकको एसिया कप नेपालका लागि त झनै विशेष हुँदैछ । किनकि नेपालले पहिलोपटक आईसीसी क्रिकेटको आधिकारिक ठूलो प्रतियोगितामा सहभागिता जनाउँदैछ । एसिया कपलाई विश्वकप पछि ठूलो प्रतियोगिता मानिन्छ । किनकि यो प्रतियोगितामा क्रिकेको महाशक्ति देशहरूबीच प्रतिश्पर्धा हुन्छ । यो प्रतियोगितामा नेपाल बाहेक बाँकी सबै प्रतिस्पर्धी टेष्ट मान्यता प्राप्त मुलुक हो । पाँच वर्ष अगाडि मात्रै पहिलोपटक एकदिवसीय मान्यता पाएको नेपालले टेष्ट राष्ट्रहरूसँग आधिकारिक प्रतियोगिता खेल्नु आफैमा गौरवको विषय हो । यसअघि नेपाल छनोट खेलबाटै बाहिरिदै आएको थियो ।

तर अप्रत्यारिलो जित निकाल्दै पहिलोपटक आधिकारिक प्रतियोगितामा स्थान बनाएको नेपालले उद्घाटन खेल खेल्दैछ, त्यो पनि आयोजक पाकिस्तानसँग । पाकिस्तानसँगको खेल हाम्रा लागि अविस्मरणीय क्षण हुनेछ, तर प्रतियोगिता सजिलो छैन । श्रीलंका टूरका क्रममा केही दिन अगाडि मात्रै अफगानिस्तानविरूद्ध उत्कृष्ठ प्रदर्शन गर्दै एकदिवसीयतर्फ पाकिस्तान विश्व बरियतामा एक नम्बर बनेको छ । त्यो एक नम्बर पाकिस्तान विश्व क्रिकेटकै एक नम्बर ब्याटर बाबर अजामको कप्तानी स्टेडियम उत्रनेछन् । त्यति बलियो पाकिस्तानसँग नेपालले जित निकाल्नु अकल्पनीय हुनेछ । किनकि यो तहको प्रतियोगितामा पहिलो अनुभव बटुल्ने नेपाली खेलाडीहरूसँग अनुभवको अभाव खड्कनेछ । अझ उपाधिकै दाबेदार पाकिस्तानलाई घरेलु मैदानको सुविधा र अनुभवी खेलाडीहरूको मनोविज्ञानले साथ दिनेछ ।

यति हुँदा पनि आजको दिन नेपाली क्रिकेट इतिहासका निम्ति सधैं सम्झिरहने दिन हुनेछ । क्रिकेट दुनियाँका महाशक्ति पाकिस्तान र भारतको समूहमा रहेर नेपालले आधिकारिक प्रतियोगितामा भाग लिनेछ । विश्वकप छनोटकै क्रममा नेपालले केही समय अगाडि मात्रै टेष्ट मुलुक वेष्ट इन्डिज, जिम्बाबे र आयरल्याण्ड्ससँग खेलेर केही अनुभव बटुलेको छ । यी तीनै मुलुकसँग पराजित भएपनि त्यो खेलको अनुभवलाई नेपाली खेलाडीहरूले पाकिस्तान र भारतसँग खेल्नेछन् । अझ नेपाली टीमका युवा कप्तान रोहितकुमार पौडेलकै भाषामा नेपाली टीमका निम्ति यो प्रतियोगिता लामो यात्राको नयाँ पाइला हुनेछ । अर्थात् एसिया कपमा नेपालले गुमाउनुपर्ने केही छैन, बरू पाकिस्तान र भारतसँग खेल्ने दशकौं पुरानो सपना पुरा हुनेछ । र सँगै, अन्तर्राष्ट्रिय मैदानमा नेपालले सधैं प्रतिश्पर्धा गरिरहने योग्यता निर्माणमा मुलुकको दायित्व बढेर जानेछ । हाम्रो कार्यभार पनि त्यही हो । शुभकामना ! टीम नेपाल ।

# गाईजात्रे ‘भाइरस पुराण’

धर्म-संस्कृति



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

यसपालीको गाई जात्रामा लम्पी, डिँगो, जतातते खोला बाढी अनि बालेनको डोजर महात्म्यसमेतको पुराण शुरु हुनेछ । पुष्पाञ्जली लिनलाई फूल छैन, पेटमा हाल्ने चामल छैन, हातमा अक्षता कहाँबाट लिने, धर्म, संस्कृति चकनाचुर पारिसकिएको कुरा त धरानमै देखियो । कोशी प्रदेशले संघीयताको असली स्वरुप देखाएको छ । संसद पनि निजी पसलजस्तो मन लागे चल्ने नभए नचल्ने बनेको छ । छिमेकीले चन्द्रमामा चन्द्रयान पठाएर खोजी सुरु गर्दै नेपाली भने तस्करीको सुन खोज्दैमा ठिक्क छ ।

यहाँको गरिबीलाई अग्ला नेपाली पहाडले नदेखेर कंक्रीटको भ्यूटावरबाट हेर्ने सुविधा ल्याउने संघीयता र उपचार खर्चमै बजेट सिध्याउने गणतन्त्रलाई बारबार बाइबाइ गर्ने गरी नयाँ गाईजात्रा पनि शुरु भइसकेको छ । प्रताप मल्लले मरेकाका नाममा वर्ष दिनमा एक दिन यो जात्रा मनाउने आदेश गरे पनि यहाँकाले भौतिक शरीर सधैं नभए पनि नेपालीहरुको मन भने चौबीसै घण्टा मारिदिएकाले सधैं गाईजात्रा मनाउनु परेको छ । गौमाहात्म्य वैदिक कुरो गर्ने हो भने लाठो बजार्न लागिएकाले शास्त्रमा नलेखिएको यो पुराण सुन्न, हेर्न, देख्न तयार आमश्रोता, पाठकबृन्दमा नमन पनि छ ।

प्रज्ञा प्रतिष्ठान आफैं दलको पार्टी प्यालेस भएकाले साँझको कार्यक्रममा सबै ठालुहरु त्यहाँ गएर पेटको काउकुती त मेटाउलान् नै ! ललितानिवास र सय किलो सुन, वाइड बोडी, यति, ओम्नी, गोकर्ण रिसोर्ट, गिरीबन्धु टि, देश अंकित नक्साको केक काटेपछि शुरु भएको साँढेसाती दशा कोट र टारको बिछोड, फेरि नक्कली पुनर्मिलन, आफ्नै घर जलाएर खरानीको होली खेल्दै जात, भात, जूठो नमिल्नेसँग टाँसिएर नक्कली सम्झौता गर्दै ब्रह्मलूट, आफ्नालाई धमाधम गहूँत छर्कने गर्दा ७५ नाघेका निरीहहरुलाई बलिको बोका बनाई केही देखाएजस्तो गर्न उद्यत् राजनीतिक प्राणीहरुको संसर्गमा टाउकोको मूल्य तोक्नेसँग नै स्वार्थपूर्तिका लागि अप्राकृतिक गठजोड यो गाईजात्रा माहात्म्य सारै लामो छ । छोटकरीमा प्रस्तुत गर्ने अनुमति मागियो ।

फेरि हुँकार, भुटानी शरणार्थी केस पनि नेपाली उपहार भई आएकाले एमसीसीप्रति नमन गर्दै २५ खर्बको ऋण र २३ खर्बको व्यापारघाटा, इम्बोस्ड नम्बरमा नामो निशान मेटाउँदै तिलहरि, टिका, सिन्दुर, कान, नाकका सुनहरु, धोती चोलो, टोपी राष्ट्रिय कपडा नै सत्यानास पार्दै विदेशी ऋणमा आँखाको नानीको तस्बीर लिई नेपाली जिनलाई विदेशीको हातमा सुम्पने राष्ट्रिय परिचयपत्रको फोटो ल्याउने राजनैतिक प्रणालीलाई बाइबाइ पनि भन्न नसक्ने नेपालीहरु प्रति धन्यवाद अर्पण गर्दै, यो गाइजात्रे भाइरस पुराण लगातार भइरहेकोमा आफ्नो उपस्थिति दर्शाउनेहरु प्रति नतमस्तक हुँदै वक्ताको तर्फबाट केही पछि मात्रै धन्यवाद आउला । नागरिकता प्रमाणपत्र, सवारी लाइसेन्स, भोटर लिष्ट, अन्य दर्जनौं आइडि बिर्सेर विदेशी डलरमा ह्वात्तै आफ्नो अस्मिता जानेगरी तयार भएको प्रणालीको विरोधको स्वर एमसीसी र एसपीपी जस्तै नसुनी कार्यान्वयन गर्न अघि सरेको अवस्था छ । हातमा अबिर, केशरी, माला लिंदा पनि धरान केस आइलाग्ला भन्ने डरले र बेरोजगारीको मारमा पर्दा सुकासुकी पनि हातमा नभएकोले रित्तै हातले पुराण श्रवण गरौं ।

प्रताप मल्लले देशमा एक दिने गाई जात्राको चलन चलाए । आधुनिक युगमा प्रवेश गरेसँगै हामीकहाँ दिन दिनैको गाईजात्रा छ । श्री ३ को गाईजात्रामा श्री ५ हरु ओइलाए । श्री ३ पछि श्री५हरु मौलाए । श्री ५पछि श्री ८ हरु मौलाए । दिल्लीमा १२ बुँदे सम्झौता गरेपछि श्री श्री श्रीहरुको बिगबिगी देशैभरी मात्रै होइन, विदेशमा समेत भयो । दुई तिहाईका श्री २ हरु मत्ता हात्तीझैं बौलाएर पछारिए । खुमल्टारले हानेको बल बालुवाटार हुँदै बालकोट गएर गोल भयो । खेलाडीहरु खेलिरहने, दर्शकहरु रामशाहपथतिर गएर हेरिरहने, देशै हल्लिने गरी भूकम्प गइरहने, जनताको नाममा सिन्को नभाँच्ने, दलतन्त्र, झुटतन्त्र, गलगाँडतन्त्रले राज गऱ्यो । भूमि नै कम्पायमान हुने हिरण्याक्ष बल, सानो देश, धान्नै नसक्ने आशाहरु, करमाथिको कर, जनता कोठाभित्र, दलहरु बाहिर, सधैं रडाको, सधैं पानी बाराबार, खाने खुवाउनेमा एक मत अरु कुरामा बहुमत, अचम्मै छ । दुई सिँह एक जँगलमा, अहिले एक जँगलमा आठ सिँहको रजाइँ छ । दुई पाइलटले चलाएको जहाज गएर ठोक्कियो, लोकतन्त्रमा ठूलै दूर्घटना भयो, बहुदलमा फ्लोरक्रश, अदालतले दिएको आदेश विपरीत आममाफी जता हेऱ्यो उतै सास्ती, धोकाको पहिरोले जनताको उठीबास अचम्मको प्रजातन्त्र, धान, चामल, निर्यात बन्दपछि मितज्यूले चिनीमा प्रतिबन्ध, प्याजमा अर्को भन्सार कर, अल्छी भई हत्केला थापेर खानेलाई सवक पनि सिकाइदिएको छ ।



*हिजोका सुकुल छाप, सिउँदै लाउँदै गरेका सडके चप्पलेहरुसँग आलिशान महल छ । मोबाइल, घडी महँगा, छानी छानी पद, छानी छानी आयोगहरुमा हालि मुहाली छ । बैंक ब्यालेन्स स्वदेशमा मात्रै नभएर विदेशमा पनि भेटिन्छ । औषधिमूलो सबै विदेशी स्टायण्डर्डमा, विदेशी रसद, पानी, खाजा खाने अवस्था छ । विदेशी नोट स्वदेशी भोट, स्वदेशी बसाइ, विदेशी भुकाइ, विदेशी टाई, विदेशी नागरिकता, स्वदेशी भाषण, बोलीमा सुशासन, काममा कुशासन व्याप्त छ ।*

लिंकन, लेनिन, माओहरुको नाम भजेको छ । श्री ३ ले चलाएको अध्यादेशको चलन चल्तीमा पुरानै युगको पुनरावृत्ति भएको छ । बानेश्वरको ठूलो तमसूक छ महिनामा दुई पटक च्यातियो, च्यातिएको तमसूकलाई सुपर ग्लूले टाँसियो एक महिनापछि फेरि के भो भो, कामै पाएन, भएन, वर्षाको पानीले भिजेर तमसूकमा लेखिएका अक्षर कानो गोरुलाई औंसी न पूर्णिमा जस्तै भयो । नजान्दा त भीर पहिरोसम्म देखिनु ठीकै हुन्थ्यो, जान्ने बुझ्नेलाई पनि आँखामा ढकनीजस्तै कालो चस्माले ढपक्कै ढाकिदिँदा दिउसै अँध्यारो भयो । अँध्यारो चन्द्रमामा अरुले उज्यालो बनाए हामी भने दुनियाँको एक नम्बर अनैतिक आचरणमा ।

यहाँ जन्मिए सधैं हिरण्याक्ष र हिरण्यकशिपु जसले सत्य युगमै संसारलाई सोत्तर पारे रसातलमा पुगेको धर्तीलाई बाराह अवतार र नृसिँह अवतार लिएर प्रभुले उद्धार गरे । सत्य युगमाझैं त्रेतायुगमा मन्थरा जन्मिई, रावण र कुम्भकर्ण जन्मिए जसले संसारलाई ध्वस्त पारे । मन्थराले कुरा लाइदिँदा कैकेयी उल्किई, जसले गर्दा दशरथले रामलाई वनबास पठाए । सत्य युगमै वलिले इन्द्रासन डग्मगाए, ईश्वरले वामन अवतार लिएर बचाए । रावणकी बहिनी सूर्पणखा, उसले त्यागी लक्ष्मणलाई पति भज्न खोज्दा नाकै ताछियो । अहिले संसारका अगाडि नजाँनिदो गरी नाक ताछिँदा पनि होस् कसैको खुलेन । द्वापर युगमा कंश र शिशुपालले संसारलाई ठूलै धोका दिए, शकुनीको कारण नक्कली पाशा खेलाएर पाण्डवको उठिबास लगाए । सत्ता राजनीतिको खेलका अगाडि स्वयम् ईश्वरले पनि धोका पाउँदा रहेछन् । कलिमा खास गरी हाम्रो देशमा त्यही गाईजात्रा भएको छ । राजनीतिभित्र राजनीति लुकिदिँदा कुरो नबुझ्ने हुनु परेको छ ।

हिजोका सुकुल छाप, सिउँदै लाउँदै गरेका सडके चप्पलेहरुसँग आलिशान महल छ । मोबाइल, घडी महँगा, छानी छानी पद, छानी छानी आयोगहरुमा हालि मुहाली छ । बैंक ब्यालेन्स स्वदेशमा मात्रै नभएर विदेशमा पनि भेटिन्छ । औषधिमूलो सबै विदेशी स्टायण्डर्डमा, विदेशी रसद, पानी, खाजा पाइन्छ । विदेशी नोट स्वदेशी भोट, स्वदेशी बसाइ विदेशी भुकाइ, विदेशी टाई, विदेशी नागरिकता, स्वदेशी भाषण, मनचिन्ते झोला, झोलामा खोला, हातैमा कुवेर, घरैमा इन्द्रासन, कुम हल्लाइ हल्लाइ भाषण, ओठ लेप्राई, लेप्राई रासन र भाषण, बोलीमा सुशासन, काममा कुशासन व्याप्त छ । मुखमा राम बगलीमा छुरा, जिब्रोमा अमृत, पेटमा वीष, खाने यहाँ, हात धुने बैंककमा, डिनर लिन जापानमा, बच्चा बच्ची अमेरिकामा । पछिल्लो समय देशमा भाँडभैलो, सुरुपलाई कुरुप, ऋणै ऋणले थचारिएको देशलाई हुँकार गर्न सकुन्जेल बालुवाटार पसेर धम्क्याउने, त्यहाँ टिक्न नसके सुरक्षाको जत्था लिएर बसाइँ सरेजस्तो गर्ने फेरि तँ छाड र म छाड गर्दै फेरि त्यहीँ पुग्ने अवस्था छ ।

भाइ भतिजा आफ्नालाई हेलिकप्टर, आलिशान महल, करोड पर्ने कार्पेट, लाखौंका जिमखानमा ढलिमली आराम, जनताको निद्रा भने हराम बनाउने, मिलिभगत, मूल कानुनलाई पेवापात सम्झेर दिनदिनै गिँजोल्ने, परचकीलाई रातविरात कोठामा रमिता देखाउने अवस्था छ । आज देशको खुद क्षेत्रफलको अत्तोपत्तो छैन । छिमेकीले १२ वर्ष लगाएर सिमाना मिच्दै बाटो खनिसक्दा पत्तै नपाउने अवस्था छ । विदेशीको पाउ मोल्ने, स्वदेशीलाई घाँटी निमोठेर उठ्नै नदिने, महँगी, करको मारमा पार्ने, अक्सिजन सिलिण्डर, खोपमा धाँधली गर्ने, क्वारेन्टिन, आइलोशेनका मनपरी बिलमा आँखा चिम्लने, हिम प्राणी यतिलाई दरबार, शहर घुमाउने, ओम्नीहरु रमाउने, सालो, साली, छोरी, बुहारी सबैलाई बडा हाकिम बनाइदिने, धर्म, संस्कृतिको नामो निसान बाँकी नराख्ने, कोरोना भन्दै देव, पितृ कार्य बन्द गराउने, मठ, मन्दिर खोल्नै नदिने, ढुँगाका देवतालाई सुन बाँड्ने, पानी आउनै नपाई मेलम्चीमा राजनीति गर्ने अवस्था विद्यमान छ ।

उद्घाटनको नाटक मञ्चन गर्ने, राजधानीको फोहोर नउठ्ने, सबै काकाकुल हुनुपर्ने, विदेश सम्बन्धमा कूटनैतिक चातुर्यता देखाउन नसक्ने, दियो भन्दै दुबै हातले सोहोर्ने, एमसीसी र बिआरआइको रडाको देखाउने, हिन्दु धर्म मास्ने, विदेशीको खेताला बन्ने, होली वाइनमा डुब्ने, सोल्टीमा डेरा सर्ने, एक राजा हटाउने हजारौं राजा पोस्ने महँगो व्यवस्थालाई शिशु भन्दै बचाउनु पर्छ भन्ने, अर्काको कुरै नसुन्ने आफ्नै उखान टुक्काले मेट्रो, मोनो रेल, घरघरमा ग्याँसको पाइप लाइन भन्ने पानीजहाज कार्यालयलाई करोडौं गाडी किनाउने, सडक टालटुल गर्न लगाएर असारे र डोजरे विकास देखाउने अवस्था छ । प्रकृति दोहन गरेर जमिन कमलो पार्ने, मान्छेको रगतमा विप्रेषणले नपुगेर चुरे दोहन गरेर बालुवा, ढुंगामा पैसा कमाउन खोज्ने, बिजुली र पानीको भाउ छुट गर्छु भनेर उल्टो भाउ बढाइदिने, खाए खा नखाए घिच् गरेर आम उपभोक्तालाई निराश बनाउने स्थिति छ । प्रशासन यन्त्रलाई थिलोथिलो पार्ने, जहाँतहीँ आफ्ना मान्छेलाई भर्तीकेन्द्र गराउने, जनताको उठीबास लगाउने नेताजीहरुलाई जनताले जुवाइँ पालेझैँ पालिरहनु पर्ने बाध्यात्मक अबस्था कहिलेसम्म होला र बालेनको डोजरले कति दिन काम गर्ला वा हर्कको उछितो काढ्न कहिले छोडिएला र हमाल, ढकाल कहिले आउने, रवि उदय किन अस्ताउने छाँट छ त ?

यो गाईजात्रा सधैंका लागि हो या केही समयका लागि हो ? यो संक्रमणको अन्त्य कहिले हुन्छ र जनताले साँचो लोकतन्त्र, प्रजातन्त्र कहिले पाउलान् ? संविधानको निबन्धमा मौलिक हक मात्रै कतिवटा छन् ? व्यवहारमा कति वटा लागु भए ? गाँस, बास, कपास, स्वास्थ्य, सुरक्षाको हकको प्रत्याभूति कहिले हुने ? चेलीबेटीको अस्मिताको रक्षा कहिले हुने ? पुल पार गर्दा नदीमा परेर मर्नुपर्ने, खान लाउन नपाएर आत्महत्या गर्नुपर्ने अवस्थाको अन्त्य कहिले हुने ? सिमानामा आएर बैरीले धम्क्याउँदा टुलुटुलु हेरेर बस्नु पर्ने दार्चुला सिमानाकाका जनताले कहिले सुरक्षा पाउने ? कसले यसको जिम्मा लिने ? प्रश्नै प्रश्नका बीच यसपालिको भाँडभैलो गाईजात्रे महापुराण समाप्तम् !

## सामाजिक सञ्जाल



**- नवराज पन्त**

शेयर मार्केटमा आजकल दैनिक मुस्किलले रु. एक अर्बको कारोबार हुने गरेको छ । अहिले नेप्सेको कुल मार्केट क्याप रु.३१८१ अर्ब छ । यसअनुसार अहिले भएको कारोबार ०.०३% मात्र हो, ०.१% नाघ्न रु.तीन अर्ब नाघ्नुपर्छ । १% नाघ्न रु ३० अर्ब नाघ्नुपर्छ । पैसा कता गयो ? खोइ ? कारोबार वृद्धि गर्ने बारे कसैले सोचेको छ ?



**- ओम थापा**

अधिकांश सरकारी कार्यालयहरूका भवन गतिला छैनन् । सेवा अनलाइन भनेको छ कागजको मुठो नबोकी धरै छैन । सफ्टवेयर नाम मात्रैको राखिएको छ । सबै कुरा कमिसनमै चल्छ । सेवाग्राहीले पाउने दुःखको सीमा छैन । यसैबीच मुख्यमन्त्री र प्रदेश प्रमुखलाई विलासी आवास दिँइदैछ भने यस्तो सामन्ती सोचले समाजवादको कल्पना ?



**- निर्मल प्रसाइँ**

पाप धुरीबाट कराउँछ ! भारतले हाम्रो देशको अभिन्न अङ्ग कालापानी, लिपुलेक, लिम्पियाधुरा, लुम्बिनी र कपिलवस्तु अंकित मानचित्र निकाल्यो ‘सांस्कृतिक नक्शा’ भन्दै ! चीनले अरुणाञ्चल समेटेर नयाँ नक्शा निकाल्यो । भारतले हामीलाई गलत गऱ्यो, चाइनाले भारतलाई गलत गऱ्यो, भारतले नेपालको भूमि छोडोस् !



**- बद्रि बिनोद खनाल**

साँझ पऱ्यो कि बिजुली जान्छ । कुर्दा-कुर्दा दिक्क लाग्छ, घण्टौ आउँदैन । बिजुली खेर गयो भन्छन्, कुलमान । आफ्नो खाना जहिले नि अचकल्टो हुन्छ । राईस कुकरबाट कसौंडीमा खन्याउनु पर्छ । फेरि उही ग्यास चुलो बालेर पकाउनु पर्छ । नत्र समयमा खान पाइँदैन ।

## तपाईंको राशिफल

मेष : विदेश यात्राको योग छ । आहारमा ध्यान दिनुहोला ।

वृष : आध्यात्मिक यात्रा हुने योग छ । वाहन सावधानी राख्नुहोला ।

मिथुन : धर्मपालनामा रुचि देखिन्छ । स्वास्थ्य राम्रो रहनेछ ।

कर्कट : नयाँ सम्पर्क हुनेछ । पराक्रममा वृद्धिको योग छ ।

सिंह : विरोधी सक्रिय रहनेछन् । दैनिक आयमा भने वृद्धि हुनेछ ।

कन्या : मनोबल उच्च रहनेछ । विद्यार्थीहरुको लागि समय शुभ छ ।

तुला : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । धैर्य र आत्मविश्वास राख्नुहोला ।


वृश्चिक : पैतृक सम्पत्ति मिल्ने योग छ । पारिवारिक जीवन सुखी रहनेछ ।

धनु : शान्ति र सुख बढ्नेछ । अनावश्यक जिम्मेवारी नलिनु होला ।

मकर : आध्यात्मिक यात्रा हुने योग छ । नकारात्मक कुराले अशान्ति पैदा गर्नेछ ।

कुम्भ : वाहन सावधानी राख्नुहोला । नाता-गोतासँग मनमुटाव आउनसक्छ ।

मीन : हतारमा कुनै निर्णय नलिनु होला । प्रभावमा वृद्धि हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# स्वाधिनताको सपना र बाह्य हस्तक्षेप

विचार



● युवराज संग्रौला

*हाम्रो देशले उपनिवेशबाट मुक्तिको लडाइँ त लड्नु परेन, तर हाम्रो इतिहास दुई सय वर्षदेखि विदेशीको अधिनमा छ । हाम्रो आत्मनिर्णयको अधिकार विदेशीका नियन्त्रणमा छन् । देशमा विदेशीको सेवा गरेर शासन गर्ने र शासन गर्न चाहने पुत्लाहरुको नाटक छ ।*

नेपालमा उपनिवेशी शासन त कहिले पनि रहेन, तर सन् १८१६ मा हाम्रो देशको भूमि बृटिश साम्राज्यवादले लुट्यो । काठमाडौंमा उसको प्रतिनिधि राखेर हाम्रा मुख्तियारहरु लखन थापा, भिमसेन थापा, माथवर सिंह, फत्ते र गगनको हत्या गरायो । कोत पर्व, जङ्गबहादुर र रणोद्विपको वंश हत्या गरायो । नेपालका शासकलाई धुस खुवाएर उपनिवेशी दिमागका पुत्ला बनायो । सन् १९२३ को सन्धीद्वारा नेपालको विदेश नीतिमा नियन्त्रण गऱ्यो । सन् १९४७ को त्रिपक्षीय सन्धीद्वारा भारत र बेलायतलाई भाडामा सेना दिनुपर्ने असमान सन्धी थोपऱ्यो । अंग्रेजपछि स्वतन्त्र भारतले हामीमाथि छल कपट्द्वारा १९५० को सन्धी थोपऱ्यो । त्यसपछि महाकाली सम्झौता, राजा विरेन्द्रको हत्या, १२ बुँदे सम्झौता र अहिले एमसीसीको कानुनमाथिको सम्झौता थोपरिएको छ ।

हाम्रो देशले उपनिवेशबाट मुक्तिको लडाइँ त लड्नु परेन तर, हाम्रो इतिहास २०० वर्षदेखि विदेशीको अधिनमा छ । हाम्रो आत्मनिर्णयको अधिकार विदेशीका नियन्त्रणमा छन् । देशमा विदेशीको सेवा गरेर शासन गर्ने र शासन गर्न चाहने पुत्लाहरुको नाटक छ । राष्ट्रको अर्थतन्त्र केही धनी नेता र राजनीति नेताको अधिनमा छ । आज जनताले विदेशी हस्तक्षेप वा प्रभुत्वका विरुद्ध आत्मनिर्णयको अधिकारका लागि लड्नुपर्ने बाध्यता छ । लुटतन्त्रका विरुद्ध जनसमृद्धिका लागि लड्नुपर्ने अवस्था छ ।

शासन गर्ने दलहरू विचारहिन अनैतिक राजनीति गर्छन् । तर, नेताको देवत्वकरण भएको छ, व्यापारी, माफिया र नेताको राजनीतिमा गठजोड भएको छ । कुनै त्यस्तो क्षेत्र छैन, जहाँ कमिसन, घुस र लुट छैन । यो व्यवस्था आज लुटतन्त्रमा परिणत भएको छ । संविधानमा “हामीले पुग्ने गन्तव्य समाजवादउन्मुख समाजको निर्माण हो” भनिएको छ, तर अर्थतन्त्र एकाधिकारवादी, वित्त पुँजीवादको प्रवर्द्धन गर्ने रामशरणतन्त्रीय नवउदारवाद उन्मुख छ । कसरी चल्छ राज्य संविधान विरोधी अर्थतन्त्र राखेर । १०/१२ जना व्यापारीका हातमा सबै बैंक, बीमा, वित्तीय संस्था, आयात निर्यात कम्पनी, व्यापार, उद्योग, अस्पताल र स्कुल कलेज छन् । यिनै व्यापारी राजनीति दललाई चन्दा दिन्छन् र राजनीति पनि गर्छन् । देशभक्त उद्यमीको नाश भइसक्यो ।

तर शहरिया युवा देशले केही दिएन भन्दै विदेशीन्छन्, गाउँका युवा अरब गएर रेमिट्यान्स ल्याउँछन् । उनीहरुले ल्याएको विदेशी मुद्रा शहरिया धनीका छोराछोरी विदेश लैजान्छन् । विदेशी विश्वविद्यालयका नेपालमा खुलेका कलेजले वर्षमा ५० अर्ब विदेश पठाउँछन् र विदेश पढ्न जानेले एक खर्ब लैजान्छन् । उनीहरु विदेश गएर देशमा राजनीतिको विकल्प खोज्छन् तर, विचार र योजनाका पोख्त मान्छे होइन, पारखी अभिनेता खोज्छन् ।

देशको ज्ञान सचेतना र वैज्ञानिक जाग्रीतीमा होइन, नवउपनीवेशवादले हाम्रो दिमागमा डेरा जमाएको छ । त्यसैले विज्ञान, समृद्धि, उद्योग, खोज, आविस्कार र उन्नति होइन, कसैलाई राजा, कसैलाई मोदीवाद, कसैलाई आदित्यवाद र विदेशीका एजेन्टलाई यशुवाद चाहिएको छ । कोही गाई काटेर, कोही गाई बचाउन अब युद्धको तयारीमा छन् ।

राज्यले चाहेको उन्नती हो, समतामूलक देशभक्त एकाधिकारवादी तथा वित्त पुँजीवाद विरोधी पैसाले वस्तु उत्पादन गरेर धन कमाउने अर्थतन्त्र हो । पैसाले पैसा कमाउने गरिब विरोधी अर्थतन्त्र होइन । तर, त्यसो हुन विदेशीले दिँदैनन् । यो देशको भूराजनीति उनलाई चाहिएको छ । साम्राज्यवादले अझै बाँचेर हामीलाई घोडा चढ्न बाँकी नै छ ।

हामी हल्लाखोर छौं, हामी अमेरिकाको पैसा खाएर कम्युनिस्ट हुने बेइमान छौं, हामी समाजवादका नाममा साम्राज्यवादका खोल ओडने दोग्ला छौँ, हामी घर अँध्यारो पारेर बिजुली भारतलाई बेच्ने देश घाती छौं, हामी सापका टाउकामा पसिना आएको देखेर पुजाका लाइनमा बस्ने पाखन्डी छौं, हामी दिमागमा आग्रह राखेर परिवर्तन रोक्ने र विचार होइन, मान्छे खोज्ने अनाडी छौँ । देशको उन्नतिको लागि विज्ञानको खोजी गरौं । उत्पादनमा स्वनिर्भरता खोजौं, शिक्षामा विज्ञता र व्यवसायिकता खोजौं, धर्ममा मानवीयता खोजौं, संस्कृतिमा मौलिकता खोजौं र जिम्मेवारीमा देशभक्ती खोजौं । देश राजनीतिक खेलले होइन, नागरिकको उद्यमशिलता र इमानदारीले बन्छ भन्ने विश्वास गरौं । देशलाई सद्भाव होइन द्वन्द्वमा लाने जुनसुकै हरकतलाई समर्थन नगरौं । अपराधीलाई सजाय दिन माग राखौं, कानुन हातमा लिने काम नगरौं ।

(**संग्रौलाको फेसबुक पेजबाट साभार विचार ।**)

# नवराजपुरमा पत्रकारमाथि दुर्व्यवहार महासंघको ध्यानाकर्षण

**रामएकवाल राम/मध्यान्ह**
सिरहा, १२ भदौ

सिरहाको नवराजपुर गाउँपालिका-३ फुलबरियास्थित सार्वजनिक पोखरीको विषयमा विवाद हुँदा सोमबार दिउँसो रिपोर्टिङ गर्न गएका नेपाल पत्रकार महासंघ सिरहाका निवर्तमान अध्यक्ष दिनेश्वर प्रसाद गुप्तामाथि भएको संघातीक हमलाप्रति नेपाल पत्रकार महासंघ सिरहा शाखाले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

पालिकाको ट्र्याक्टर तोडफोड भइरहेको बेला फोटो खिच्न पुगेका निवर्तमान अध्यक्ष पत्रकार गुप्तामाथि स्थानीय २० वर्षीय कमलेश यादव नेतृत्वको एक समूहले अचानक हमला गरी मोबाइल लुटपाट गरेको थियो । उक्त घटनापछि एक विज्ञप्ति जारी गर्दै महासंघ सिरहा शाखाले यस्ता कार्य गर्नु प्रेस स्वतन्त्रताविरुद्धको काम भएको बताएको छ ।

रिपोर्टिङकै क्रममा रहेका अर्का पत्रकार जयनाथ यादवलाई समेत स्थानीय एक समूहले हातपात र गालीगलौज गरेको थियो । पत्रकारमाथि भएको यस्तो दुर्व्यवहारको कडारुपमा भत्सर्ना गर्ने बताउँदै महासंघ सिरहा शाखाले समाचारका विषयमा कुनै विमती भए त्यसको समाधान गर्ने कानूनी बाटो हुँदा हुँदै पत्रकारमाथि आक्रमण हुनु निन्दनीय रहेको बताएको छ । महासंघ सिरहा शाखाले पूर्वअध्यक्षको हातबाट लुटिएको मोबाइल फिर्ता गर्नुका साथै घटनामा संलग्नहरूको तत्काल खोजी गरी कानूनी दायरामा ल्याउन जिल्ला प्रहरी कार्यालय सिरहासँग माग गरेको छ । यदि प्रहरी प्रशासनले तत्कालै कारबाही प्रक्रिया अगाडि नबढाए कडा संघर्षमा उत्रिने महासंघ सिरहा शाखाले जारी गरेको विज्ञपतिमा उल्लेख छ ।

कसरी भयो विवाद ?

सिरहाको नवराजपुर गाउँपालिका वडा ३ फुलवरीयास्थित पालिकाकै मातहतमा रहेको पोखरीमा माछा मार्न लाग्दा दुई पक्षीय झडप भएको थियो । नेपाल सरकारको स्वामित्वमा रहेको पोखरीमा पालिकाले माछा मार्न लाग्दा वर्षौंदेखि भोगचलन गर्दै आइरहेको शिवराम यादवको समूहले माछा मार्न र सुरक्षामा खटिएको प्रहरी र गाउँपालिकाका कर्मचारीमाथि ढुगांमुढा गर्दा दुई पछीय झडप भएको थियो ।

सोमबार पालिकाले प्रहरी र पत्रकारको रोहबरमा पोखरीमा महजाल प्रयोग गरेर माछा मार्न खोज्दा सरकारी पोखरीलाई निजीकरण गर्न खोजेको भन्दै ढुगांमुढा गरिएको थियो । स्थिति नियन्त्रणमा लिन सशस्त्र प्रहरीले २६ र नेपाल प्रहरीले १० राउण्ड अश्रु ग्यास प्रहार गरेको थियो । सो क्रममा आक्रोशित युवाहरुले पालिकाको ट्र्याक्टरसमेत तोडफोड गरेका थिए ।

यता कानून विपरित कर्य गरी क्षति पुऱ्याउनेलाई करबाही गरिने पालिका अध्यक्ष शिव उदगार यादवले बताएका छन् ।

# काठेपुल जीर्ण हुँदा आवतजावतमा समस्या

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १२ भदौ

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका वडा नम्बर ३ मा रहेको छराखोला र सल्लेचवर जोड्ने काठेपुल जीर्ण भएको छ । २०७५ साल वैशाखमा निर्माण भएको काठेपुल ५ वर्ष नबित्दै जीर्ण भएको सल्लेचवरका स्थानीय बमबहादुर केसीले बताए ।

पुल जीर्ण हुँदा स्थानीयलाई आवतजावतमा समस्या भएको छ । काठेपुल विशेषगरी आकाशे पानीले कुहिएको र जीर्ण भएको केसीले बताए । धेरै मान्छेले सँगै काठे पुल तर्दा बीचमा गएको बेला भाँचिने सम्भावना भएको छ । पुल जीर्ण हुँदा सल्लेचवर र खोलिबड गाउँका स्थानीयलाई पनि समस्या भएको छ । विशेषगरी दुई गाउँका स्थानीयले सास्ती व्यहोर्नु परेको छ ।



यस्तै वीरेन्द्र मावि बाँफिकोटमा पढ्न जाने विद्यार्थी पनि समस्या परेको अर्का स्थानीय बलबहादुर केसीको भनाइ छ । पानी परेको बेला चिप्लेर बालबालिका तिल्छा खोलामा पर्लान भन्ने डर स्थानीयमा छ । वडा नं ३ का अध्यक्ष तिलबिर केसीले कर्णाली प्रदेश सरकारबाट झोलुङ्गे पुलका लागि बजेट आएको र पुस महिनादेखि झोलुङ्गे पुलको काम शुरु गरिने बताए । झोलुङ्गे पुल बनेपछि त्यहाँका स्थानीयलाई सहज हुने वडा अध्यक्ष केसीको भनाइ छ ।

# मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु

**राहुल गुप्ता/मध्यान्ह**
वीरगञ्ज, १२ भदौ

पर्सामा मोटरसाइकल दुर्घटनामा परी एक भारतीय महिलाको मृत्यु भएको छ । पर्साको बिन्दबासिनी गाउँपालिका वडा नं.५ प्रसौनीचोकस्थित भारतको भेलाहीतर्फ जाँदै गरेको बीआर ०५ एस ०४६८ नम्बरको मोटरसाइकल आइतबार साँझ दुर्घटना हुँदा पछाडि सवार भारत पूर्वी चम्पारण बस्ने ६० वर्षीया सुदामा देवीको घटनास्थलमै मृत्यु भएको पर्सा प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय पोखरिया तथा प्रहरी चौकी प्रसौनीभट्ठा पर्साबाट गएको प्रहरी टोलीले घटनास्थलबाट सो मोटरसाइकल र मोटरसाइकल चालक १६ वर्षीया बालिकालाई नियन्त्रणमा लिएको छ । दुर्घटनाबारे थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## Letang Municipality
### Office of Municipal Executive
Letang, Morang

## Invitation for Online Bids

**Date of Publication: 2080/05/13**

1. Letang Municipality, Morang invites electronic bids from Nepalese eligible bidders for the Supplying of heavy zinc coated CGI Sheets under Sealed quotation procedures.
2. Eligible Bidders may obtain further information at the office of Letang Municipalty, Morang or may visit PPMO website.
3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp as follows . Bids received after this deadline will be rejected.
4. Other details are available in the website of Letang Municipality www.letangmun.gov.np .

| S.N. | Contract Identification no. | Name of the Project | Last date of bid submission | Bid security (NRs) | Cost of Bidding Documents (NRs) |
|---|---|---|---|---|---|
| 1. | LM/MOR/SQ/G/03/2080-81 | Supplying of Heavy Zinc Coated CGI Sheet | 14-09-2023 12:00 | 42,500 | 1000 |

## वेदकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिसैया, कन्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

## Invitation for Bids

**Date of publication: 30-08-2023 (2080-05-13)**

1. Bedkot Municipality, Kanchanpur invites electronic bids from Nepalese eligible bidders for the construction of Blacktop Works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Bedkot Municipality, Kanchanpur, Sudur Pachism Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract No./ID | Description of Works | Estimated amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount (Nrs.) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|
| 02/BED/BLDG/NCB/2080/081 | Construction of administrative building of bedkot Municipality (Second floor), Bedkot-06, kanchanpur | 1,29,55,053.03 | 4,00,000/- | Rs. 3,000/- |

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

*पर्यटनको नयाँ गन्तव्य*

## लिम्चुङबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर, नेपाल

## विद्युतिय माध्यमबाट बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०५/१२**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार Construction of Health Post Building Ward No–5 Jante कार्य गर्नु पर्ने भएको कारणले इच्छुक फर्म, कम्पनीले बोलपत्र पाईने स्थान, दस्तुर, विडवोण्ड पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको website:limchungbungmun.gov.np र सूचना पाटीमा रहेको छ साथै यस सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को website:www.bolpatra.gov.np मार्फत हेर्न सकिने र बोलपत्र सम्बन्धी कागजात www.bolpatra.gov.np/egp मा राखि यो विद्युतिय माध्यमबाट यो बोलपत्र आह्वान गरिएको छ ।

**बोलपत्र सम्बन्धी कार्यको विवरणः**

| IFB/RFP/EOI/PQ NO. | कार्यको विवरण | स्वीकृत ल.स्टि. भ्याट बाहेक | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| LRM/UDA/WORKS/NCB/01/2080/81 | Construction of Health Post Building Ward No-5 Jante | 1,31,04,804.64 | 4,20,000 | 3000 |
| **आन्तरिक राजश्व खाताः** 43295241207004 (दस्तुर बुझाउने खाता) Nepal SBI Bank | | | | |
| **धरौटी खाताः** 43225240600003 (धरौटी रक बुझाउने खाता) Nepal SBI Bank | | | | |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय नेपालगंजका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८०/०५/१३ गते बुधवारको मध्यान्ह राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिनुभएको विभिन्न शिर्षक अन्तरगतको ऋण कर्जा रकम चुक्ता भुक्तान गर्ने समयवधी समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट कर्जा चुक्ता फछ्र्यौट गर्ने सम्बन्धमा पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलवन्दी बोलपत्र बैंकको शाखा कार्यालय नेपालगंज बाँकेमा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८०/०६/२४ गते बुधवारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) बैंकको शाखा कार्यलय नेपालगंज बाँकेमा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम विक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको विवरण :**

| | |
|---|---|
| **१. ऋणीः पदम राज ज्ञवाली**<br>(ना.प्र.न. ३९७ जारी मिति २०४४/०६/०४ जि.प्र.का.गुल्मी) ।<br>ठेगाना : बाँके जिल्ला थानपती गा.वि.स. वडा नं. ७ (हाल नेपालगंज उप-महानगरपालिका वडा नं.२) बाँके ।<br>बाबु : प्रेम प्रसाद ज्ञवाली ।<br>बाजे : घनश्याम ज्ञवाली । | **जमानतकर्ता : राधिका ज्ञवाली**<br>(ना.प्र.नं. ६४७ जारी मिति २०५१/०१/१९ जि.प्र.का. गुल्मी ) ।<br>ठेगाना : बाँके जिल्ला थानपती गा.वि.स. वडा नं. ७ (हाल नेपालगंज उप-महानगरपालिका वडा नं.२) बाँके ।<br>बाबु/पति : दुर्गानाथ शर्मा खरेल/ पदम राज ज्ञवाली ।<br>बाजे/ससुरा : हरिलाल खरेल/ प्रेम प्रसाद ज्ञवाली । |

**धितोमा रहेको सवारी साधनको विवरण :**

| सवारी दर्ता नं | इन्जिन नं | च्यासिस नं | मोडेल | सवारीको किसिम |
|---|---|---|---|---|
| बा १५ च ८२६३ | E064779 | MDHFBACDOG6302585 | Datsun Redi Go | Pickup |

| | |
|---|---|
| **२. ऋणी : भिम राज सापकोटा**<br>(ना.प्र.न. २२८४५ जारी मिति २०५१/१२/२० जि.प्र.का.सुर्खेत) ।<br>ठेगाना : बिजौरा गा.वि.स. वडा नं. ४<br>(हाल चौकुना गाउँपालिका वडा नं.५) सुर्खेत ।<br>बाबु : मोतिलाल जैसी । बाजे : रतनलाल जैसी । | **जमानतकर्ता : शुक्रराज सापकोटा**<br>ना.प्र.नं. ५००८५ जारी मिति २०५९/०१/०२ जि.प्र.का. सुर्खेत ) ।<br>ठेगाना : बिजौरा गा.वि.स. वडा नं. ४<br>(हाल चौकुना गाउँपालिका वडा नं.५) सुर्खेत ।<br>बाबु : मोतिलाल जैसी /बाजे : रतनलाल |
| **जमानतकर्ता : माया अर्याल**<br>(ना.प्र.नं. ९७७३२९९२ जारी मिति २०५७/११/१६ जि.प्र.का. झापा) ।<br>ठेगाना : तोपगाछी गा.वि.स. वडा नं. ३<br>(हाल चौकुना गाउँपालिका वडा नं.५) सुर्खेत ।<br>बाबु : पदम लाल अर्याल ।<br>बाजे/ससुरा : मोतिलाल जैसी /रतन लाल जैसी | **धितो सुरक्षणको विवरण :**<br>भिम राज सापकोटाको नाममा मालपोत कार्यालय कैलालीमा दर्ता श्रेष्ता कायाम रहेको कैलाली जिल्ला मौरनिया गा.वि.स. वडा नं. ७ नक्सा सिट नं.७ स्थित कि.नं. १२८७ र १२८८ क्षेत्रफल क्रमश : ०-०-१६-०(२७०.९१ ब.मि) र ०-०-१६-२ (२७९.३८ ब.मी.) बिगाह को घर/जग्गा तथा सो घर जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**धितोमा रहेको सवारी साधनको विवरण :**

| सवारी दर्ता नं | इन्जिन नं | च्यासिस नं | सवारीको किसिम |
|---|---|---|---|
| भे १ ख २५१७ | GXHZ424552 | MB1AUGAC9GRXP8371 | Ashok Leyland Truck |

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय नेपालगंज, बाँके**बाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा नेपालगंज, बाँकेमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

# भीमदत्तका तत्कालीन प्रमुखसहित १० जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भीमदत्त नगरपालिका कञ्चनपुरका तत्कालीन नगरप्रमुख सुरेन्द्रबहादुर बिष्ट र तत्कालीन नि.प्रमुख प्रशासकीय अधिकृत हरिदत्त जोशीसहित १० जना एवम् भवानी कन्स्ट्रक्शन प्रा.लि.विरुद्ध राजस्व चुहावट गरी भ्रष्टाचार गरेको आरोपमा मुद्दा दायर गरेको छ ।

भीमदत्त नगरपालिकाका तत्कालीन नगरप्रमुख बिष्ट, तत्कालीन नि.प्रमुख प्रशासकीय अधिकृत जोशी, तत्कालीन राजस्व छुटको लागि गठित कार्यदलका संयोजक तथा सदस्यहरु तत्कालीन वडा नं. १७ का वडा अध्यक्ष हिमाल बहादुर चन्द, इन्जिनियर हिमालय सिहं ऐर, लेखा अधिकृत गोबिन्द उपाध्याय, लेखा अधिकृत(छैटौं) बिक्रम भण्डारी, नायव सुब्बा नरेन्द्र देव भट्ट, श्री भवानी कन्स्ट्रक्शन प्रा.लि.का सञ्चालकहरु ईश्वरी प्रसाद भट्ट, केशव राज भट्ट, पुष्पराज भट्ट, ईश्वरी प्रसाद भट्टको नजिकको हकदार श्रीमती खगेश्वरी भट्ट र श्री भवानी कन्स्ट्रक्शन प्रा.लि.विरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता भोला दाहालले जानकारी दिए । आर्थिक वर्ष २०७६/०७७ मा




भीमदत्त नगरपालिकाले प्राकृतिक स्रोत (नदीजन्य) बाट प्राप्त हुने आयको ठेक्कामा बोलपत्रको सम्झौता अनुसार रकम असुल नगरी भीमदत्त नगरपालिकाका तत्कालीन नगरप्रमुख बिष्ट र तत्कालीन नि. प्रमुख प्रशासकीय अधिकृत जोशी एक करोड ३४ लाख ९७ हजार ४५३ रुपैयाँ ८७ पैसा राजस्व चुहावटमा संलग्न रहेको आयोगको दाबी छ । एक करोड ३४ लाख ९७ हजार ४५३ रुपैयाँ ८७ पैसा बिगो कायम गरी चुहावट भएको राजस्वको दोब्बर जरिवानाको मागदाबी लिइएको प्रवक्ता दाहालले बताए ।

हिमाल बहादुर चन्द, हिमालय सिहं ऐर, गोबिन्द उपाध्याय, नरेन्द्र देव भट्ट र बिक्रम भण्डारीले उक्त ठेक्का सम्बन्धमा कोरोना भाइरस रोगको रोकथाम तथा नियन्त्रणका लागि सरकारी कार्यालयबाट अत्यावश्यक सेवा बाहेक अरु सेवासमेत बन्द भएको अवस्थामा राजस्वसँग सम्बन्धित ठेक्का बन्दोबस्ती गरी ठेक्कामा लगाइएका ठेक्काको कर तथा जरिवाना छुट सम्बन्धमा भवानी कन्स्ट्रकसन प्रालिले उत्खनन् गरेको परिमाण र उत्खनन् गर्न बाँकी परिमाणसमेतको नापजाँच हिसाब किताब गरी राजस्व छुट दिन नमिल्ने प्रतिवेदन बनाउनुपर्नेमा संघीय आर्थिक ऐन तथा प्रदेश आर्थिक ऐन बिपरीत काम गरेको आयोगको दाबी छ । यसैगरी भवानी कन्स्ट्रक्शन सञ्चालकहरु उक्त ठेक्कामा आफूले गरेको सम्झौता र बोलपत्रको शर्त विपरीत नगरपालिकासँगको मिलेमतोमा राजस्व रकम छुट गर्ने निर्णय गर्न लगाई राजस्व चुहावटमा मतियार भएको आयोगको दाबी छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०९/१२ मा दर्ता भएको **प्रा.लि. नं. २८०६५७** को **सुनुवार दुर्दा मिडिया प्रा.लि.** को मिति २०८०/०४/०५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं फोन नं. ९७४६४९१७१३, ईमेल :** rokayasherbahadur723@gmail.com

## कम्पनीको नाम परिवर्तन भएको सूचना

दोश्रो पटक प्रकाशित मितिः २०८०/०५/१३

यस कंम्पनीको मिति २०८०/०४/०७ गते सम्पन्न विशेष साधारणसभाको निर्णय तथा मिति २०८०/०४/२३ मा श्री कंम्पनी रजिष्ट्रारको कार्यालयवाट प्राप्त स्वीकृत पत्रको आधारमा यस कंम्पनीको सविकको नाम छायाँनाथ रारा एग्रो प्रा.लि. अंग्रेजीमा Chhayanath Rara Agro Pvt. Ltd. परिवर्तन भई छायाँनाथ रारा एग्रो एण्ड मल्टि सप्लायर्स प्रा.लि. अंग्रेजीमा (Chhayanath Rara Agro and Multi Suppliers Pvt. Ltd.) रहेको साथै साविक कंम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम छायाँनाथ रारा एग्रो एण्ड मल्टि सप्लायर्स प्रा.लि. अंग्रेजीमा (Chhayanath Rara Agro and Multi Suppliers Pvt. Ltd.) ले सकार्ने व्यहोर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त यस C.D. Human Resources Pvt. Ltd. (श्रम ईजाजत पत्र नं. १०४८/०७३/०७४) मा कार्यरत कर्मचारीलाई हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ । यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | पद | नागरिकता नम्बर |
|---|---|---|---|
| १. | मनोज कुमार रेग्मी | Organization Representative | १२६९०/१९४१ |

Gov. Lic. No. 1048/073/74
**C.D. Human Resources Pvt. Ltd.**
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०५/१३**

साउण्डलाईन्स ट्राभल्स एण्ड टुर्स प्रा. लि. को मिति २०८०/०५/०१ मा सम्पन्न बिशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **(साउण्डलाईन्स ट्राभल्स एण्ड टुर्स प्रा.लि.)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु ब्योहोर्नु पर्ने कर दायित्व आदि सबै परिवर्तित नाम **(आरम्भ नेपाल ट्राभल्स एण्ड टुर्स प्रा.लि.)** को कम्पनीले सकार्ने ब्योहोर्ने निर्णय गरी तथा नामको सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा कम्पनीको नाम परिवर्तन गरी सोही बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८०/०५/०३ मा निर्णय भै स्विकृति समेत प्राप्त भै सकेको ब्योहोरा सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**परिवर्तित नाम**
**आरम्भ नेपाल ट्राभल्स एण्ड टुर्स प्रा. लि.**
(Aarambha Nepal Travels and Tours Pvt.Ltd.)
ललितपुर जिल्ला, ल.पु.म.न.पा. वडा नं. १४, महालक्ष्मीस्थान, फोन नं.: **०१५१९३२४०**


## मलेसियामा रोजगार ।

कम्पनी : K.B. FOOD SDN. BHD. शहरः Malaysia,Penang

पूर्व स्वीकृत मितिः २०८०/०५/१२ चलानी नं. : ६०२०६९६१ LT. No: 291815

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 8 | 0 | स. काममा दक्ष | 1500 | ४२,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : GROMEX MEDIA GRAPHIC SDN BH शहरः Malaysia, Selangor

पूर्व स्वीकृत मितिः २०८०/०५/१२ चलानी नं. : ६०२०६९६२ LT. No: 291816

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २० गते (6 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**लिभरपुल एच. आर. शोलुशन प्रा. लि.**
Liverpool H.R. Solution Pvt. Ltd.
Swoyambhu-15, Kathmandu, Tel : 01-5382303
Mob. : 9851149144, 9851013724,
Email : info@liverpoolhrsolution.com, Web.: www.liverpoolhrsolution.com
श्रम इजाजत पत्र नं.: १४१५/०७४/०७५


## सच्याइएको

मिति २०८०।०५।११ गते मध्यान्ह दैनिक पत्रिकामा प्रकाशित पूर्व स्वीकृति मिति २०८०।०५।१०, LT. NO. 291715, चलानी नं.: ६०२०६८६८ को विज्ञापनमा मासिक तलव SR 1800 ने. रू.६३,४५८ र Interview Date २०८० भदौ २२ गते (8 Sept., 2023) हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गरिएको छ ।

**साउथ एशियन इम्प्लोएमेन्ट प्रा. लि.**
श्रम इजाजत नं.: ६१०/०६२/०६३
सिनामंगल, -९, काठमाडौं, नेपाल
फोन: ०१-४५८२०९८, ४५८२०९९

## रौतामाई गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

### विद्युतीय माध्यमबाट बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०५/१३**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार Construction of birthing centre, Chisapani, RRM-06, Udayapur योजनाको लागि तपसिल बमोजिमको निर्माण कार्य गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनीले बोलपत्र पाइने स्थान, दस्तुर, विडवण्ड पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website:www.rautamaimun.gov.np र सूचना पाटीमा साथै यस सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website:www.ppmo.gov.np मार्फत हेर्न सकिने र सिलबन्दी सम्बन्धी कागजात www.bolpatra.gov.np/egp मा राखी यो विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गरिएको छ ।

**बोलपत्र सम्बन्धी निर्माण कार्यको विवरण**

| सि. नं. | बोलपत्र नं. | कार्यको विवरण | स्वीकृत ल.ई.रकम (पि.एस. आइटम र भ्याट वाहेक) रु. | धरौटी रकम | निर्माण कार्य | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | RRM/NCB/Works /01/2080-081 Building construction | Construction of birthing centre, chisapani, Rauta, Rautamai Rural Municipality-06, Udayapur | 56,63,970.92 | 1,65,000.00 | नेपाल सरकारबाट मान्यता प्राप्त फर्म, कम्पनी | रु. ३०००/– |

**प्रमुख प्रशासकीय अधिकृत**


## साउदीमा वैदेशिक रोजगार अवसर

कम्पनीः UNITED TECHNOLOGY CONTRACTING CO. LTD. शहरः AL JUBAIL

पुर्व स्वीकृत मितिः २०८०/०३/१० चलानी नं.: ६०२०३८१० L.T. No.: 288415 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver Heavy Equipment | 1 | 0 | स. काममा दक्ष | 2000 | ७०,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ २० गते (6 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ४५६५४९४, मो. : ९८२३३२३५७७
E-mail: threebrothershrrec@gmail.com
श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५

## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनीः EXPLORER FOR EMPLOYMENT SERVICES -SOLE PROPRIETORSHIP L.L.C शहरः UAE

पूर्व स्वीकृत मितिः २०८०/०५/१२ चलानी नं.:६०२०६९३४ LT. No.: 291366

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Carpenter Assist. | 75 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Carpenter | 50 | 0 | | 1200 | ४३१०४ | | | | | | | |
| 3. | Reinforcing Fitter Assistant | 75 | 0 | | 1000 | ३५९२० | | | | | | | |
| 4. | Carpenter | 40 | 0 | | 1200 | ४३१०४ | | | | | | | |
| 5. | Brick Mason Assistant | 40 | 0 | | 1000 | ३५९२० | | | | | | | |
| 6. | Bricklayer Assistant | 20 | 0 | | 1000 | ३५९२० | | | | | | | |

कम्पनीः Discovery employment LLc शहरः UAE

पूर्व स्वीकृत मितिः २०८०/०५/१२ चलानी नं.:६०२०६९४० LT. No.: 291372

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bulding Labourer | 100 | 0 | स. काममा दक्ष | 800 | २८,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २० गते (6 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**अञ्जली ओभरसिज सर्भिस प्रा. लि.** श्रम इजाजत नं. ६३९/०६३/०६४
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटोहुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 01- Tel : 01- 4987207/4982296, E-mail : pro@anjalioverseas.com.np


## Geruwa Rural Municipality
### Office of the Rural Municipal Executive
Pashupatinagar, Bardiya
Lumbini Province, Nepal

### Invitation of Bids for the following works

**Date of Second Notice Publication:- 2080/05/13**

1. The Geruwa Rural Municipality invites electronic bids from eligible bidders for the following works.

| SN | Contract ID No | Description of works | Bid Security Amount (Nrs) | Bid Document Fee (Nrs) | Remarks |
|---|---|---|---|---|---|
| 1 | Goods/GRM/NCB/ 01/2080-081 | Procurement of Supply and Delivery of Medical, Medicine and Surgical Equipments | 60,000.00 | 3,000.00 | Goods, NCB |

2. Only Electronics bidding through www.bolpatra.gov.np/egp is permitted . Elligible bidders may obtain further information from Geruwa RM and email:- geruwamun@gmail.com/contact:-9868252424, 9858038124 or may visit PPMO website www.bolpatra.gov.np/egp. Bid Submission Date is 2080/05/28 Till 12:00 and Bid Opening on Same day at 13:00. bidders should deposit the cost involves in the projects account as specified below.

| Bank | Revenue Account | Dharauti Account | Bid Security Validity Period |
|---|---|---|---|
| Nepal Investment Mega Bank Ltd, Geruwa Branch | 17201400000109 | 17201400000062 | 120 days after Bid opening Date |

3. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
4. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and other prevailing rules and regulations.

## छथर जोरपाटी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
जोरपाटी, धनकुटा
कोशी प्रदेश, नेपाल

### आन्तरिक आयको शिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०५/१३**

छथर जोरपाटी गाउँपालिकाको देहाय बमोजिमको आन्तरिक आय उठाउने कार्य शिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएको हुँदा देहाय बमोजिमको दरभाउपत्रको लागि मिति २०८०/०५/१३ गतेका दिन सबै योग्य संस्था वा फर्महरुको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतिय पोर्टल www.bolpatra.gov.np/egp/ मार्फत शिलबन्दी दरभाउपत्र आह्वानको सूचना गरिएको छ । शिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति २०८०/०५/२८ गते दिनको १२ बजेसम्म र दरभाउपत्र खोल्ने मिति २०८०/०५/२८ गते दिनको १ बजे कायम गरिएको छ । दरभाउपत्र अनिवार्य रुपमा विद्युतिय माध्यमबाट मात्र पेश गर्नु पर्नेछ।

| शिलबन्दी दरभाउपत्र नं. | शिलबन्दी दरभाउपत्रको नाम | न्यूनतम शिलबन्दी दरभाउपत्र कबोल अंक |
|---|---|---|
| 01/CJRMUN/SQ/2080/081 | सरसफाई तथा पर्यटन शूल्क उठाउने कार्य | रु ५,५०,०००।०० |

**विस्तृत जनकारीको लागि विद्युतिय पोर्टल** www.bolpatra.gov.np/egp/ **हेर्नु हुन वा यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।**

# चीनले नयाँ नक्सामा भारतको अरुणाचल प्रदेशलाई समेट्यो



**काठमाडौं/एजेन्सी–** चीनले सोमबार नयाँ नक्सा जारी गरेको छ । त्यसलाई आफ्नो 'प्रचलित नक्सा' बताएको चीनले अरुणाचल प्रदेश र अक्साई चीनलाई पुनः एकपटक चीनको हिस्साको रूपमा उल्लेख गरेको छ ।

चीनको यो नक्सामा साउथ चाइना सी, ताइवानलाई पनि चीनको हिस्सा भनिएको छ । यो नक्सा साझा गर्दै चीनको सत्तारुढ कम्युनिष्ट पार्टीको मुखपत्र मानिने अंग्रेजी दैनिक ग्लोबल टाइम्सले सामाजिक सञ्जालमा लेखेको छ, 'चीनको सन् २०२३ को मानक नक्सा सोमबार सार्वजनिक गरिएको छ । यो नक्सा प्राकृतिक स्रोत मन्त्रालयको वेबसाइटमा सार्वजनिक गरिएको हो । यो नक्सा चीन र विश्वका अन्य देशको रेखाचित्र पद्धतिको आधारमा बनाइएको हो ।'

केही दिनअघि ब्रिक्स सम्मेलनका क्रममा प्रधानमन्त्री मोदी र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच भेट भएको बेला यो नक्सा जारी गरिएको हो । दुवै देशका नेताबीच सीमा विवादबारे पनि कुराकानी भएको थियो । यसअघि अप्रिल २०२३ मा चीनको नागरिक मामिला मन्त्रालयले अरुणाचल प्रदेशका ११ स्थानको नाम परिवर्तन गर्न अनुमोदन गरेको थियो ।

चीनले अरुणाचल प्रदेशको ९० हजार वर्ग किलोमिटर भूभाग दाबी गर्दै आएको छ भने भारतले पश्चिममा रहेको अक्साई चीनको ३८ हजार वर्ग किलोमिटर भूभाग चीनले अवैध रूपमा कब्जा गरेको दाबी गरेको छ ।

# भारतद्वारा खाना पकाउने ग्यासको मूल्यमा दुई सय रुपैयाँ कटौती



**काठमाडौं/एजेन्सी–** भारतभरका घरपरिवारलाई राहत दिने उद्देश्यले केन्द्र सरकारले खाना पकाउने ग्यासमा दुई सय भारतीय रुपैयाँ कटौती गर्ने घोषणा गरेको छ । केन्द्रीय मन्त्रिपरिषदको निर्णयबारे पत्रकारहरुलाई जानकारी दिँदै सूचना तथा प्रसारण मन्त्री अनुराग सिंह ठाकुरले यो निर्णय प्रधानमन्त्री नरेन्द्र मोदीले ओणम र रक्षाबन्धनमा देशका महिलाहरुलाई उपहार दिएको बताए ।

प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा मन्त्रिपरिषद्को बैठक बसेको हो । बुधबारबाट लागू हुने गरी १४.२ केजीको ग्यास सिलिण्डरको मूल्य देशभर २०० रुपैयाँले घट्ने भएको छ । उदाहरणका लागि दिल्लीमा यो निर्णयले १४.२ केजीको सिलिण्डरको मूल्य प्रतिसिलिण्डर एक हजार १०३ रुपैयाँबाट घटाएर ९०३ रुपैयाँमा झार्नेछ ।

यो कटौती उज्ज्वला परिवारलाई प्रति सिलिण्डर रु २०० को विद्यमान लक्षित अनुदानको अतिरिक्त हो, त्यसैले यो कटौतीपछि उज्ज्वला लाभग्राहीका लागि दिल्लीमा प्रभावकारी मूल्य ७०३ भारु हुनेछ ।

करिब ९.६ करोड उज्ज्वला लाभग्राहीसहित ३१ करोडभन्दा बढी घरेलु एलपीजी उपभोक्ताहरु छन् । अनुराग ठाकुरले भने, 'वर्तमान सरकारले महिलाहरुको विकासको लागि धेरै योजनाहरु शुरु गरेको छ, जसमा पक्की घर, शौचालय, अतिरिक्त खाद्यान्न र प्रत्यक्ष लाभ स्थानान्तरण समावेश छ ।' भारत आफ्नो प्राकृतिक ग्यासको आवश्यकताको ६० प्रतिशत आयातमा निर्भर छ । उज्ज्वलाको बाँकी आवेदनलाई स्वीकृत गर्न र सबै योग्य परिवारहरुलाई डिपोजिट-फ्री ग्यास सहयोग प्रदान गर्न, सरकारले चाँडै गरिब परिवारका ७५ लाख महिलाहरुलाई पीएमयूवाई कनेक्सन वितरण शुरु गर्ने बताएको छ ।

# सुडानका सैन्य प्रमुख इजिप्ट भ्रमणमा

**काठमाडौं/एजेन्सी–** सुडानका सेना प्रमुख अब्देल फताह अल बुरहान देशमा जारी भीषण युद्धका बीच इजिप्टको भ्रमणमा निस्किएका छन् । गत अप्रिलमा युद्ध शुरु भएयता उनको यो पहिलो विदेश भ्रमण हो ।

सुडानको दोस्रो ठूलो शहर न्यालामा जारी पछिल्लो संघर्षमा ३९ जनाले ज्यान गुमाएका छन् । प्रत्यक्षदर्शीहरूका अनुसार सरकारी सेना र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) बीचको द्वन्द्वमा धेरै महिला र बालबालिकाले ज्यान गुमाएका छन् ।

